कात्तिक – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क १४ | २०७१, कात्तिक १६-३० | पूर्णाङ्क ५३६

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य
सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव

सम्पादक : श्री अम्बिकाप्रसाद निरौला

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

भाषाविद् : श्री भीमनाथ घिमिरे

बिक्री शाखामा कार्यरत् कर्मचारीहरू

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

विशेष	१
संयुक्त	४
इजलास नं. १	६
इजलास नं. २	२०
इजलास नं. ३	२
इजलास नं. ४	५
इजलास नं. ५	३
इजलास नं. ६	३
इजलास नं. ७	१
इजलास नं. ८	१
इजलास नं. ९	५
इजलास नं. १०	१
एकल इजलास	५
अन्तरिम आदेश	५
जम्मा	६२

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, कात्तिक – २, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

cjscomplain@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

विषयसूची

क्र.सं.	विषय	पक्ष/विपक्ष	पृष्ठ
विशेष इजलास			**१-२**
१.	उत्प्रेषण परमादेश	सन्तोष रम्तेलसमेत वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसमेत	
संयुक्त इजलास			**२-३**
२.	परमादेश	शिवनारायण साहसमेत वि. मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडा	
३.	बन्दी प्रत्यक्षीकरण	भेषकुमार श्रेष्ठको हकमा शोभा श्रेष्ठ वि. माया तामाङसमेत	
४.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. तिले घर्ती	
५.	उत्प्रेषण परमादेश	देवीबहादुर बुढाथोकी वि. दोलखा जिल्ला अदालत, दोलखासमेत	
इजलास नं. १			**४-६**
१.	निषेधाज्ञा	टीकाप्रसाद उप्रेती वि. मुकेश रेग्मीसमेत	
२.	निषेधाज्ञा	मौलेश्वरीदेवी कनुईन वि. डिभिजन सडक कार्यालय, हेटौंडासमेत	
३.	उत्प्रेषण परमादेश	गङ्गबहादुर थापासमेत वि. लोक सेवा आयोग, अनामनगरसमेत	
४.	अंश चलन	मानबहादुर श्रेष्ठ वि. भगवती श्रेष्ठ	
इजलास नं. २			**६-१५**
५.	निषेधाज्ञा	नारायणी के.सी. वि. रेखबहादुर थापासमेत	
६.	लेनदेन	कुलबहादुर मल्ल ठकुरी वि. श्यामकुमार प्रधान	
७.	लेनदेन	चिजाकुमारी राना वि. धनबहादुर गुरूङ	
८.	अङ्गभङ्ग	मीना अधिकारी वि. नेपाल सरकार	
९.	बन्दी प्रत्यक्षीकरण	पूर्णबहादुर श्रेष्ठको हकमा साबित्री श्रेष्ठ वि. कास्की जिल्ला अदालत, पोखरासमेत	
१०.	उत्प्रेषण परमादेश	भागरथीकुमारी भट्टसमेत वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरसमेत	
११.	उत्प्रेषण परमादेश	अजयराज सुमार्गी पराजुली वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत	
१२.	उत्प्रेषण परमादेश	श्याम महर्जन वि. पुनरावेदन अदालत, ललितपुरसमेत	
१३.	बन्दी प्रत्यक्षीकरण	आनन्द ग्वालासमेत वि. कारागार कार्यालय, काठमाडौंसमेत	

१४.	बन्दी प्रत्यक्षीकरण	शुक्रराज तामाङ वि. कारागार कार्यालय, दोलखासमेत	
१५.	मोटरसाइकल चोरी	अर्जुन गुरूङ वि. नेपाल सरकार	
१६.	लागु औषध चरेस	चन्द्रबहादुर रोकामगर वि. नेपाल सरकार	
१७.	जबर्जस्ती करणी	नेपाल सरकार वि. अर्जुन जोगी	
१८.	जबर्जस्ती करणी उद्योग	चन्दन कागती वि. नेपाल सरकार	
१९.	ठगी	मुरारी घिमिरे वि. नेपाल सरकार	
२०.	ठगी	नेपाल सरकार वि. शिव पाण्डे भन्ने शिवप्रसाद पाण्डेय	
२१.	बहुविवाह	नेपाल सरकार वि. पवित्रा नेपाल	
२२.	उत्प्रेषण परमादेश	दीपक पोखरेल वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत	
इजलास नं. ३			**१५-१६**
२३.	निषेधाज्ञा	आशाकाजी गुभाजु वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत	
२४.	परमादेश	शान्ति तथा पुनर्निर्माण मन्त्रालयसमेत वि. गङ्गाबहादुर थापा	
इजलास नं. ४			**१६-१९**
२५.	बन्दी प्रत्यक्षीकरण	डा.सिके राउत भन्ने चन्द्रकान्त राउतको हकमा सूर्यकान्त राउत वि. जिल्ला प्रहरी कार्यालय, मोरङसमेत	
२६.	सवारी ज्यान	नेपाल सरकार वि. कैवल्य शमशेर राणा	
२७.	उत्प्रेषण परमादेश	दिव्यधर आचार्यसमेत वि. बाग्लुङ नगरपालिकाको कार्यालय तथा ऐ.का प्रमुख कार्यकारी अधिकृतसमेत	
२८.	सवारी ज्यान	नेपाल सरकार वि. सञ्जय सिलवाल	
२९.	सवारी ज्यान	नेपाल सरकार वि. मोहम्मद जमिल अहमद (मियाँ) समेत	
इजलास नं. ५			**२०-२१**
३०.	निर्णय बदर	छठुप्रसाद जयसवार वि. असर्फी कापड यादव	
३१.	जग्गा खिचोलासमेत	अल्ताव धोवी भन्ने अल्ताव अहमद धोवी वि. इसाक धोवी	
इजलास नं. ६			**२१-२२**
३२.	अंश दर्ता	रामवरण साहसमेत वि. मोहरीदेवी	
३३.	निषेधाज्ञा परमादेश	जीवनकुमार मल्ला वि. प्रमोद रिजालसमेत	
३४.	निषेधाज्ञा	अम्बिकादेवी श्रेष्ठ वि. कृष्णकुमारी ढकाल	
इजलास नं. ७			**२३**
३५.	रिसवत	पुष्करराज नेपाल वि. नेपाल सरकार	
इजलास नं. ८			**२३**
३६.	उत्प्रेषण परमादेश	लक्ष्मण लामा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत	

इजलास नं. ९			**२४-२६**
३७.	निषेधाज्ञा	अमृतबहादुर पाण्डे वि. हरिबहादुर सिवाकोटीसमेत	
३८.	निषेधाज्ञा परमादेश	शोभा महर्जनसमेत वि. महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथसमेत	
३९.	निषेधाज्ञा परमादेश	मदन साह तेली वि. जिल्ला शिक्षा कार्यालय, रौतहटसमेत	
४०.	निषेधाज्ञा परमादेश	बेखाराम महर्जन वि. अष्टमाया महर्जनसमेत	
इजलास नं. १०			**२६**
४१.	निषेधाज्ञा परमादेश	हिरामान हरी गिरी वि. जिल्ला प्रशासन कार्यालय, बाँके	
एकल इजलास			**२६-२८**
४२.	उत्प्रेषण	टेकमप्रसाद घर्ती वि. कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसमेत	
४३.	उत्प्रेषण	प्राणजीवन निधि वि. गृह मन्त्रालयसमेत	
४४.	उत्प्रेषण	रत्नकुमारी शाही वि. रूद्रबहादुर शाहीसमेत	
४५.	उत्प्रेषण	लोकिन खड्गी वि. मालपोत कार्यालय, चाबहिलसमेत	
४६.	उत्प्रेषण	भरतबाबु पोखरेल वि. जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, पुल्चोकसमेत	
अन्तरिम आदेश			**२९-३०**
४७.	उत्प्रेषण	भोरील यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत	
४८.	उत्प्रेषण परमादेश	जगदेव पण्डित कुम्हाल वि. पुनरावेदन अदालत, हेटौंडासमेत	
४९.	उत्प्रेषण परमादेश	गणेशप्रसाद साहसमेत वि. पु.वे. अदालत, राजविराजसमेत	
५०.	उत्प्रेषण	गोविन्दप्रसाद शर्मा पौडेलसमेत वि. महालेखा नियन्त्रक कार्यालयसमेत	
५१.	उत्प्रेषण	हस्तमान सुनार वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत	
अदालत गतिविधि			**३१**

सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

भाग १ :	संवैधानिक कानून
भाग २ :	सार्वजनिक सरोकार
भाग ३ :	मानव अधिकार तथा लैङ्गिक न्याय
भाग ४ :	देवानी कानूनः सम्पत्ति
भाग ५ :	देवानी कानूनः पारिवारिक
भाग ६ :	फौजदारी कानूनः सरकारवादी
भाग ७ :	फौजदारी कानूनः दुनियावादी
भाग ८ :	कार्यविधि कानूनः देवानी
भाग ९ :	कार्यविधि कानूनः फौजदारी
भाग १० :	उद्योग, वाणिज्य र कर
भाग ११ :	राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

विशेष इजलास

मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६८-WS-००६६ (०६८-FN-०४३८),००६७, उत्प्रेषण/परमादेश, *सन्तोष रम्तेलसमेत वि.चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालसमेत, राजकुमार रानासमेत वि. सेवा आयोग, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसमेत*

चिकित्सा विज्ञान प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ को नियम ८ मा समावेशीताको व्यवस्था भएकोमा सोही नियमावलीको नियम १४५ को व्यवस्थाले सङ्कुचित गरेको भन्ने निवेदन दावीतर्फ विचार गर्दा नियम ८ को व्यवस्था नियम खारेज र संशोधन नभएको अवस्थासम्म दीर्घकालीनरूपमा क्रियाशील रहने प्रावधान हो भने नियम १४५ को व्यवस्था एकपटक प्रयोग भएपछि स्वतः निष्क्रिय हुने प्रावधान भएबाट नियम १४५ को व्यवस्थाले नियम ८ को व्यवस्थालाई सङ्कुचित गरेको भनी अर्थ र व्याख्या गर्न नमिल्ने ।

आफ्नो शैक्षिक योग्यता कति हो र शैक्षिक योग्यतानुसार कुन पदमा आफू उम्मेद्वार हुन पाउने हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख नभएबाट प्रतिष्ठानबाट माग भएको कुनै पनि पदको लागि यी निवेदकहरू प्रतियोगी देखिएका छैनन् । जो प्रतियोगी र प्रतिस्पर्धी हुन सक्दथे ती नेपाली नागरिकहरूले चुनौती दिएको अवस्था छैन । यसरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सेवा आयोगबाट मिति २०६८।८।९ मा प्रकाशित विज्ञापन र मिति २०६८।१२।२१ मा प्रकाशित सूचनाबाट यी निवेदकहरूको हकमा कुनै प्रतिकूल प्रभाव पार्ने अवस्था नभएको र विज्ञापित पदहरूमा निवेदकहरूको सार्थक सम्बन्ध रहेको नदेखिएबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत दावी गर्न हकदैया रहे भएको देखिन आएन । एक पटकको लागि सिमित आन्तरिक प्रतयोगिताद्वारा स्थायी नियुक्ति गर्ने सम्बन्धमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र सोको सेवा आयोगबाट उपयुक्त कार्यविधि र मापदण्ड बनाई छनौट समितिसमेत गठन गरी छनौट समितिले तय गरेका उपयुक्तताको आधारमा योग्यतम् व्यक्तिलाई गरेको सिफारिसबमोजिम नियुक्ति गर्नुपर्ने हुँदा मिति २०६८।८।९ मा प्रकाशित भएको विज्ञापन र २०६८।१२।२१ मा प्रकाशित सूचनाबाट यी निवेदकहरूको हकमा प्रतिकूल असर परेको भन्न नमिल्ने ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ को नियम १४५ को प्रावधान चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान हुनुपूर्व वीर अस्पतालको सेवामा कार्यरत् कर्मचारीहरूको हकमा विशेष व्यवस्था गरिएको देखिएको र सो प्रयोजनको लागि एकपटक अवसर दिने कानूनी व्यवस्था गरेको उक्त प्रावधान एकपटक प्रयोग भएपछि स्वतः निष्क्रिय हुने हुँदा गैरसंवैधानिक भन्न नमिल्ने हुँदा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६३ को नियम १४५ मा व्यवस्थित प्रावधान नेपालको अन्तरिम संविधान, २०६५ को धारा १(१), ४(१), १२(३)(घ), १३(१), १३(३)

को प्रतिबन्धात्मक वाक्यांश, १८(१), १९(१), २१, ३३(घ१), (ज) र (ढ) र १३८ सँग बाझिएको नदेखिँदा मागबमोजिमको आदेश जारी हुने अवस्था नहुँदा दुबै रिट निवेदनहरू खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल चैत ६ गते रोज ५ शुभम् ।

संयुक्त इजलास

१

स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ, ०६९-CI-००५५, परमादेश, *शिवनारायण साहसमेत वि. मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडा*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२ मा तालिमको लागि मनोनयन गर्ने आधारहरूमा शैक्षिक योग्यता, भौगोलिक क्षेत्रमा काम गरेका अनुभव र कार्यसम्पादन मूल्याङ्कनबापत प्राप्त अङ्कसमेतलाई आधार मानी तालिमको लागि मनोनयन हुने व्यवस्था देखिन्छ । मिति २०६८।९।२९ मा प्रकाशित सूचनामा पनि तालिमका लागि मनोनयन गर्नका लागि विभिन्न आधारहरू उल्लेख गरिएको पाइन्छ । निवेदकहरूले निवेदनपत्रमा नै सो सूचनाबमोजिम फारम दर्ता गराइसकेको भन्ने उल्लेख गरेको र सो सूचनाबमोजिम मनोनयनबारे निर्णय भइनसकेको अवस्थामा तत्काल निवेदकहरूको मागबमोजिम परमादेशको आदेश जारी गर्नु नपर्ने भनी निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

२

स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल, ०७०-WH-००५८, बन्दीप्रत्यक्षीकरण, *भेषकुमार श्रेष्ठको हकमा शोभा श्रेष्ठ वि. माया तामाङसमेत*

बालक भेषकुमार श्रेष्ठलाई कब्जामा लिई बन्दी बनाइराखेको भन्ने जिकिर रहे पनि निज बालक आफ्ना काका राजेश श्रेष्ठ र माया तामाङको साथमा इजलाससमक्ष उपस्थित भएकोले निजको इच्छा र निजको अवस्थाका बारेमा इजलासबाट सोधनी हुँदा माया तामाङको साथमा खुसीपूर्वक रहेका, आमासँग जान इन्कार गरेका र बालबालिकाको लागि पारिवारिक हेरचाह विद्यालयमा नियमितरूपमा अध्ययन गरिरहेका कुरा तथ्यगत अवस्थाबाट बन्दी बनाइएको भन्ने नदेखिएकोले मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख २९ गते रोज २ शुभम् ।

३

स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६८-CR-१३११,घरमा आगो लगाई ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. तिले घर्ती*

आगो लाग्नुपूर्व प्रतिवादी तिले घर्तीलाई आगलागी भएकोतर्फ जाँदै गरेको देख्ने भनी अनुसन्धानको क्रममा कल्पना चन्द, हिरा चन्द र झरना चन्दले कागज गरी दिएकोमा निजहरूको कागज व्यहोराबाट नै प्रतिवादी तिले घर्तीले नै जाहेरवालाको घरमा आगो लगाएको देख्ने यी व्यक्तिहरू प्रत्यक्षदर्शी रहेको भन्ने देखिँदैन र निजहरूले अदलतसमक्ष उपस्थित भई बकपत्रसमेत गर्न सकेको पाइएन । यसप्रकार प्रतिवादी तिले घर्तीले जाहेरवालाको घरमा आगो लगाएको भन्ने कुराको प्रमाण वादीले पुर्‍याउन नसकेको अवस्थामा जाहेरवालाको घरमा आगो लागेको र प्रतिवादी तिले घर्तीले मौकामा कसुरमा साबित रही बयान गरेको आधारमा मात्र अभियोग माग दावीबमोजिमको कसुर ठहर गरी निजलाई सजाय गर्न नमिल्ने हुँदा अभियोग दावीबाट सफाइ दिने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।१२।१३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

४

स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री जगदीश शर्मा पौडेल, ०७०-WO-०२९९, उत्प्रेषण/परमादेश, *देवीबहादुर बुढाथोकी वि. दोलखा जिल्ला अदालतसमेत*

वादी वा प्रतिवादीको पेटबोलीबाट बुझ्नुपर्ने मानिस नबुझिएको कारणबाट न्यायको उद्देश्य पूरा नहुने र त्यस्तो पक्षको हकमा तात्त्विक असर पर्ने देखिएमा अदालती बन्दोवस्तको महलको १३९ नं. को प्रयोग नगरी निर्णय गर्न नहुने हो । तर अनुसन्धानको सिलसिलामा बुझी सकिएको र चलेको मुद्दामा बरामद भएको ट्रकको विषयमा ट्रक खरिद गर्ने व्यक्तिसँग मासिक किस्ता प्राप्त गर्ने हकबाहेक सबै ट्रक खरिद गर्ने व्यक्तिमा रहेको भनी यिनै निवेदकले स्वीकार गरेका र मिति २०६५।९।१७ को सम्झौताबाट समेत सो कुरा स्पष्ट भइरहेको हुँदा स्पष्ट भएको तथ्य र प्रमाणका विषयमा बुझिरहनुको कुनै प्रयोजन रहेको देखिन आएन । सारवान् कानूनले प्रत्याभूत गरेका हकमा प्रतिकूल असर नहुने किसिमको कार्यविधि कानूनको प्रयोग गरिएको र कुनै सम्पत्तिमा पूर्व स्वामित्त्व रहेको त्यस्तो सम्पत्ति धारकले आफ्नो हकमा नरहने गरी कुनै माध्यमबाट दोस्रो पक्षलाई हस्तान्तरण गरिसकेको भन्ने कुरा स्वयम् सम्बन्धित पक्षबाट आधिकारिक निकायसमक्ष बयान गरेको छ र निजले व्यक्त गरेको उक्त कुरा निजले दोस्रो पक्षसँग गरेको सम्झौतापत्रबाट देखिन आउँछ भने त्यस्तो अवस्थामा अदालती बन्दोवस्तको महलको १३९ नं. प्रयोग हुनुपर्ने कुनै प्रयोजन देखिन आएको छैन । त्यसकारण दोलखा जिल्ला अदालतबाट मिति २०६८।६।२६ मा भएको फैसलामा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १३९ नं. को त्रुटि रहेको भन्ने निवेदन जिकिर कानूनसम्मत् नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल असार ३ गते रोज ३ शुभम् ।

इजलास नं. १

१

मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६८-CI-०८८४, निषेधाज्ञा, *टीकाप्रसाद उप्रेती वि. मुकेश रेग्मीसमेत*

निवेदकले सर्वोच्च अदालतमा दिएको रिट नं. २०६६ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन मिति २०६६।३।२८ मा खारेज हुने ठहरी फैसला भइसकेको र निवेदकले जुन कार्य हुन थालेको छ भनी रोक्न निषेधाज्ञाको आदेशको माग गरेको हो, त्यो कार्य नै सम्पन्न भइसकेको र पक्की कल्भर्टको अस्तित्व रहिरहेको भनी मोरङ जिल्ला अदालतबाट भई आएको नाप नक्सा मुचुल्काबाट समेत देखिँदा सर्वोच्च अदालतको उक्त फैसला र समितिबाट कच्ची नालालाई पक्की बनाउने कार्यको थालनी भई हाल सम्पन्नसमेत भई आशङ्काको अवस्था विद्यमान रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।३।२७ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल पुस ८ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६८-CI-०९९५, निषेधाज्ञा, *मौलेश्वरीदेवी कनुईन वि. जिल्ला मकवानपुर, हेटौंडा नगरपालिका वडा नं. १० स्थित डिभिजन सडक कार्यालयसमेत*

निवेदकले मेरो हकभोग र स्वामित्त्वको जग्गामा बिनाक्षतिपूर्ति सडक निर्माण र चौडा गर्न लागेको हुनाले निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी निवेदन दावी लिएकोमा जुन कार्य रोकी पाउन माग गरिएको छ पुनरावेदन अदालत, हेटौंडाबाट प्रारम्भमा नै अन्तरिम आदेश जारी गरी सो कार्य रोकिएको नदेखिँदा उक्त सडक चौडा पार्ने कार्य सम्पन्न भइसकेको अवस्था छ । कार्य सम्पन्न भइसकेको अवस्थामा आशङ्काको स्थिति विद्यमान रहेको नदेखिँदा निवेदन माग दावी पुग्न नसक्ने भनी निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।३।२२ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल पुस ८ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-WO-०४७५, उत्प्रेषण/परमादेश, *गङ्गबहादुर थापासमेत वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत*

राजपत्राङ्कित तृतीय (प्रशासन) पदमा बढुवा हुन रा.प.अनं. प्रथम श्रेणीको टाइपिष्टले आन्तरिक बढुवा परीक्षामा सम्मिलित हुन पाउने अवस्था सिर्जना भएकोसम्म देखिन्छ । तर लोक सेवा आयोगबाट प्रकाशित विज्ञापन हेर्दा आन्तरिक बढुवा परीक्षाका लागि दरखास्त आह्वान गरेको नभई ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा

हुने बढुवाको लागि प्रकाशित विज्ञापन रहेको देखिन्छ । तसर्थ, आन्तरिक परीक्षाद्वारा हुने बढुवाको लागि सम्भाव्यता भएको कम्प्युटर अपरेटर पदमा कार्यरत् रा.प.अनं. कर्मचारीहरूले अन्य प्रक्रियाद्वारा हुने बढुवामा सम्मिलित हुन नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल भदौ २९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०७०-WO-०४७४, उत्प्रेषण/परमादेश, *शितलबहादुर रावलसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत*

३

मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६७-CI-०३३५, अंश चलन, *मानबहादुर श्रेष्ठ वि. भगवती श्रेष्ठ*

प्रतिवादी र निजका पिता चेतबहादुर श्रेष्ठबीच २०६३।४।१४ मा मानो जोडिएको लिखत पारित भए पनि सोही मितिमा प्रस्तुत अंश चलन मुद्दा दायर भएको देखिएको र अंश चलन मुद्दा दायर हुनुअगावै प्रतिवादी मानबहादुर र निजका पिता चेतबहादुर श्रेष्ठको बीचमा मानो जोडिएको लिखत पारित भई एकासगोलमा बसेको भन्ने देखिन आएन । सो मानो छुट्टिएको मिति २०६३।४।१४ भन्दा अघिल्लो दिनसम्मको सम्पत्तिको तायदाती फाँटबारी दुबै पक्षबाट माग्ने मोरङ जिल्ला अदालतको मिति २०६३।१२।१९ को आदेशबाट कायम हुन आएको मानो छुट्टिएको मिति २०६३।४।१४ मा नै वादीका पति र ससुराबीच पारित भएको मानो जोडिएको लिखतबाट वादीका ससुरा बाजे चेतबहादुर श्रेष्ठलाई वादीका सगोलका अंशियार मान्न नमिलेबाट चेतबहादुर श्रेष्ठलाईसमेत सगोलको अंशियार कायम गर्नुपर्ने भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

वादी भगवती श्रेष्ठका नामको कि.नं. ३६४९ र ३६५१ को जग्गा निजले आफ्नी आमा लक्ष्मीकुमारी श्रेष्ठबाट मिति २०६२।८।८ को र.नं. १५२६(क) बाट हालैको बकसपत्रद्वारा प्राप्त गरेको सम्पत्ति देखिँदा सो सम्पत्ति अंशबन्डाको १८ नं. बमोजिम वादी भगवती श्रेष्ठको स्वआर्जनको भई निजी ठहरी आफूखुस गर्न पाउने हुँदा उक्त सम्पत्तिबाट समेत बन्डा लगाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट मिति २०६७।५।२३ मा निस्सा प्रदान गर्दा भएको आदेशसँग सहमत हुन नसकिने ।

वादी प्रतिवादी पति, पत्नी र छोरी भएको तथ्यमा पक्ष विपक्षबीच कुनै विवाद नभएको र अंश दिइसकेको भन्ने प्रमाणको अभाव रहेकोले फिराद दावीबमोजिम वादीले प्रतिवादीबाट ३ भागको २ भाग अंश लिन पाउने ठहर गरेको मोरङ जिल्ला अदालतको फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल असार २५ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६७-CI-०३३६, ०३३७, मानो जोडिएको लिखत बदर,

चेतबहादुर श्रेष्ठसमेत वि. भगवती श्रेष्ठ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास नं. २

१

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल, ०६७-CI-१२९७, निषेधाज्ञा, *नारायणी के.सी. वि. रेखबहादुर थापासमेत*

पुनरावेदकहरूको अंश हकसम्म पुग्ने जति सम्पत्ति अ.बं. १७१क नं. बमोजिम रोक्का भएकै कुरा पुनरावेदन अदालतको फैसलाबाट देखिन आएको छ । यसरी रोक्का भएको विषयमा यस अदालतमा पुनरावेदन गर्दा पुनरावेदकले रोक्का भएको होइन भनी जिकिर लिएको अवस्था पनि देखिँदैन । यसरी कानूनबमोजिम निजहरूले पाउन सक्ने अंश हकको सम्पत्ति मुद्दा फैसला नहुँदाकै अवस्थामा विपक्षीले बिक्री वितरण गरी पुनरावेदकले भनेजस्तो सडकमा बास हुने अवस्था पनि नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट निवेदन खारेज हुने ठहर गरी भएको मिति २०६७।९।७ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल, ०६५-CI-०४११, लेनदेन, *कुलबहादुर मल्ल ठकुरी वि. श्यामकुमार प्रधान*

प्रतिवादीले लिखतमा लागेको सहीछापलाई अन्यथा हो भन्न नसकी आफ्नो हो भनी स्वीकार गरेको देखिन्छ । निजले केवल तमसुकबमोजिमको रकम नलिएको र बैनाबट्टा गराइदिने बहानामा खाली कागजमा सहीछाप गराएको लिखत जालसाजीबाट खडा गरिएको भन्ने जिकिर लिए पनि सो पुष्टि हुने गरी कुनै तथ्ययुक्त प्रमाण पेस गर्न सकेको नपाइँदा र वादीले पेस गरेको लिखत कानूनबमोजिमकै देखिँदा सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६२।१।१९ को वादी दावीबमोजिम वादीले प्रतिवादीबाट साँवा ब्याज भराई पाउने ठहर्‍याएको फैसलालाई पुनरावदेन अदालत, बुटवलबाट मिति २०६३।४।१५ मा सदर गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६५-CI-०४१२, घर हटाई जग्गा खाली गराइपाऊँ, *कुलबहादुर मल्ल ठकुरी वि. श्यामकुमार प्रधान* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, ०६८-CI-००४७, लेनदेन, *चिजाकुमारी राना वि. धनबहादुर गुरूङ*

वादीले पेस गरेको लिखतमा प्रतिवादीको ल्याप्चे सहीछाप नभए पनि निजले गरेको हस्ताक्षर विशेषज्ञले सद्दे भनी राय दिएको

देखिएको, प्रस्तुत लिखतमा साहु असामी खुलेको देखिएको र प्रतिवादीले सो रकम तिर्न नपर्ने भए वादी प्रतिवादीबीच त्यस्तो लिखत तयार हुनुपर्ने प्रयोजन नै रहन्न । प्रतिवादी चिजा रानाले आफ्नो स्वहस्ताद्वारा तयार गरिएको भनिएको लिखतमा धनबहादुर गुरूङबाट रू. ८,००,०००।- साँवा र सोको ब्याजसमेत भराइपाउँ भनी दावी लिए पनि लिखतमा ब्याज उल्लेख नभएको स्थितिमा वादीले प्रतिवादीबाट लिखतबमोजिमको रू. ८,००,०००।- कर्जा लिएको भन्ने उल्लेख भएको अवस्थामा त्यसरी कर्जा भनी लिएको रकमलाई फिर्ता दिने सर्तमा लिएको भनी मान्नुपर्ने नै हुन्छ । यी वादी धनबहादुर गुरूङले प्रतिवादीबाट रू. ८०,०००।- साँवा मात्र भराइ पाउने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिँदा सो फैसला सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

४

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, ०६९-CR-०३२१, अङ्गभङ्ग, *मीना अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी नीमा डोल्मा तामाङले मौकामा एवम् सुरू अदालतमा बयान गर्दा यी प्रतिवादी मीना अधिकारीले आदेश दिएको हो भन्ने व्यहोरा उल्लेख गरेको नपाइनुका साथै निजउपर पोल गरेको पनि पाइन्न । मिसिल संलग्न रहेका अन्य तथ्यगत प्रमाणसमेतबाट यी प्रतिवादी मीना अधिकारीले जाहेरवालालाई कुटपीट गर्नका लागि आदेश दिनपर्नेसम्मको कारण रहेको पनि देखिन्न । जाहेरवालाले आफ्नो जाहेरी दर्खास्त एवम् अदालतमा गरेको बकपत्रमा यी प्रतिवादी मीना अधिकारीले अन्य प्रतिवादीहरूलाई कुटपीट गर भनी आदेश दिएको भने पनि निज जाहेरवालाको सो भनाइसम्मको आधारबाट यी मीनाले नै नीमा डोल्मा तामाङलाई जाहेरवालालाई प्रहार गर्न पर्नेसम्मको कारणबिना अह्राएको होला भन्न नसकिने ।

फौजदारी मुद्दामा अभियोग दावीबमोजिमको कसुर प्रमाणित हुन वादीले शङ्कारहित तवरबाट अभियोग दावी प्रमाणित गर्नुपर्ने हुन्छ । शङ्काको भरमा केवल यी प्रतिवादी मीना अधिकारीले अन्य प्रतिवादीहरूलाई जाहेरवाला गणेशबहादुर श्रेष्ठलाई कुटपीट गर भनी भनेको भन्ने जाहेरवालाको भनाइका आधारबाट मात्र पनि दोषी ठहर गर्नु न्यायोचित देखिन्न । त्यस्तो भनाइलाई अन्य तथ्यगत प्रमाणबाट वादीले पुष्टि गर्न नसकेको अवस्थामा निज प्रतिवादी मीना अधिकारीलाई दोषी ठहर गर्न नमिल्ने ।

प्रतिवादी मीना अधिकारीसमेत सहभागी भई अन्य प्रतिवादीहरू नीमा डोल्मा तामाङ, रत्नबहादुर तामाङसमेतलाई अह्राई जाहेरवालालाई कुटपीट गरी अङ्गभङ्ग पारेको भन्ने मिसिल संलग्न आधार प्रमाणबाट पुष्टि नहुँदा निज प्रतिवादी मीना अधिकारीलाई २ वर्ष कैद र रू. १००।- जरिवाना गर्ने गरी भएको दोलखा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।२९ को

फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी भई निज प्रतिवादी मीना अधिकारीले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

५

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६९-CR-०९२३, बन्दीप्रत्यक्षीकरण, *पूर्णबहादुर श्रेष्ठको हकमा साबित्री श्रेष्ठ वि. कास्की जिल्ला अदालत, पोखरासमेत*

मिति २०४९।७।४ गते पर्वत जिल्लामा बाबुराम रोकाको कर्तव्य गरी ज्यान मारेको अभियोगमा प्रेमकुमार श्रेष्ठको छोरा कुमार श्रेष्ठसमेतउपर ज्यानसम्बन्धीको महलको १३(१) अनुसारको सजाय माग गरी अभियोग दायर भएकोमा पर्वत जिल्ला अदालतबाट निज कुमार श्रेष्ठलाई सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएको र निज मुद्दाको अनुसन्धान गर्दादेखि नै फरार रहेको अवस्था देखिन्छ । निज प्रतिवादी कुमार श्रेष्ठको वतन कास्की जिल्लाअन्तर्गत भएकोले निजको लगत सम्बन्धित कास्की जिल्ला अदालतमा कसी असुल गर्न पर्वत जिल्ला अदालतले गरेको पत्रानुसार निजको लगत कास्की जिल्ला अदालतमा कसिएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ । अनुसन्धानबाटै फरार रहेका निज प्रतिवादीलाई भएको सजाय असुल गर्ने सन्दर्भमा वडा प्रहरी कार्यालय, बगर कास्कीले निज कुमार श्रेष्ठलाई पक्राउ गरी पर्वत जिल्ला अदालतमा पेस गरेकोमा सो अदालतबाट कास्की जिल्ला अदालतमा लगत कस्न पठाइसकिएको भनी पक्राउ परी आएका प्रतिवादीलाई प्रहरीसाथ कास्की जिल्ला अदालतमा बुझाई सो अदालतबाट प्रतिवादीलाई कैद ठेकी कारागार कार्यालय, कास्कीमा कैद पुर्जीकासाथ पठाएको र सोबमोजिम निज प्रतिवादीलाई कैदमा राखिएको अवस्था देखिँदा निवेदकको थुना गैरकानूनी देखिन आएन भनी बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।११।२१।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

६

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६९-WO-०६०१, उत्प्रेषण/परमादेश, *भागरथीकुमारी भट्टसमेत वि. उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरसमेत*

मिसिल संलग्न विश्वविद्यालय अनुदान आयोग (University Grants Commission) बहादुर शाह, झफर मार्ग नई दिल्लीद्वारा जारी प्रेषित विज्ञप्तिमा समेत गुरूकुल विश्वविद्यालय, वृन्दावन मथुरा (युपी) जाली विश्वविद्यालयको सूचीमा परेको मिसिल संलग्न कागजबाट देखिने ।

रिट निवेदकहरूले परीक्षा दिएको शैक्षिक संस्था नै जाली विश्वविद्यालयहरूको सूचीमा सूचीकृत भएको देखिएकोले जाली प्रमाणित हुनुअघि त्यस्तो

विश्वविद्यालयलाई मान्यता दिएको भन्ने आधारमा अब मान्यता दिन इन्कार गर्न नसक्ने पनि हुँदैन । जाली विश्वविद्यालय भन्ने भइसकेपछि त्यसको प्रमाणपत्रको वैधता सुरूदेखि नै समाप्त हुन जान्छ । त्यस्तो विश्वविद्यालयमा प्राप्त गरेको प्रमाणपत्रहरूलाई साँचो हुन् भन्न नमिलेबाट त्यस्ता प्रमाणपत्रहरूलाई उच्च माध्यमिक तहको शैक्षिक कार्यक्रममा समावेश नगरिने भनी विपक्षी प्रमाणपत्र प्रमाणीकरण तथा समकक्षता निर्धारण समितिले गरेको मिति २०६९।७।२१ को निर्णयबाट निवेदकहरूको संविधानप्रदत्त समानताको हकलगायत शिक्षासम्बन्धी हकसमेतको उल्लङ्घन भएको अवस्था नदेखिएबाट रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

७

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६६-WO-०७९०, उत्प्रेषण/परमादेश, *अजयराज सुमार्गी पराजुली वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत*

एउटै विषयवस्तुको सम्बन्धमा देवानी मुद्दा दिई विचाराधीन अवस्थामा रहेकोमा पछि फेरि सोही विषयमा सरकारवादी ठगी मुद्दा पनि चलाउन पाउनुपर्छ भन्ने निवेदकको माग दावीलाई उचित र तर्कसङ्गत भन्न मिल्दैन । सबै विषयको समाधान फौजदारी मुद्दा मात्रै नहुने र जहाँ देवानी मुद्दाबाट उपचार पर्याप्त छ । त्यहाँ फौजदारी मुद्दा लाग्ने अवस्था नै हुँदैन । देवानी विषयमा परेका मुद्दाहरूबाटै रिट निवेदकले माग गरेको विषयमा उपचार प्राप्त हुने अवस्थाको विद्यमानता छँदाछँदै देवानी विषय रहेको करारीय दायित्वको विषयमा फौजदारी मुद्दा चलाउने भन्ने कुरा कानून, न्याय र विवेकसम्मत नदेखिने ।

विवादित विषयका सम्बन्धमा देवानी मुद्दा चलिसकेको देखिएकोमा पुनः सोही विषयमा ठगी मुद्दामा समेत कारवाही हुने नहुने भन्ने सम्बन्धमा अभियोजनकर्ताले कानूनबमोजिम निर्णय गर्नसक्ने नै कुरा भएको र ठगी मुद्दामा कारवाही गरिपाउँ भनेकै भरमा विवादित विषयमा देवानी मुद्दा चलिसकेको अवस्था देखिएकोले रिट निवेदकले माग गरेकै मात्र आधारमा ठगीमा पनि मुद्दा चलाउनुपर्छ भनी महान्यायाधिवक्तालाई स्वतन्त्ररूपमा प्राप्त अभियोजनसम्बन्धी अधिकारमा हस्तक्षेप गरी बाध्य गर्न नमिल्ने हुनाले रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

८

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६६-WO-१२१५, उत्प्रेषण/परमादेश, *श्याम महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत*

साधारण अधिकारक्षेत्रअन्तर्गत उपचार खोज्ने क्रममा तहतह अदालतबाट फैसला हुँदै यस अदालतबाट समेत मुद्दा नदोहोर्‍याउने गरी आदेश भई प्रस्तुत विवादको विषयमा अन्तिम

टुङ्गो लागिसकेको अवस्था छ । साधारण अधिकारक्षेत्रअन्तर्गत यस अदालतबाट टुङ्गो लागेका विषयमा असाधारण अधिकारक्षेत्र ग्रहण गरी आफ्नै निर्णयउपर आदेश जारी गर्ने अवस्था रहँदैन । यस्तो अवस्थामा टुङ्गो लागिसकेको उसै विवादको सन्दर्भमा रिट निवेदकलाई असाधारण अधिकारक्षेत्रअन्तर्गत रिटक्षेत्रको पनि उपचार प्राप्त हुन्छ भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

९

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WH-००१५, बन्दीप्रत्यक्षीकरण, *आनन्द ग्वालासमेत वि. कारागार कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकहरू नेपालमा स्थायी बसोबास नभएको भारतीय नागरिकहरू भए पनि निजहरूउपर लगाइएको चोरीको अभियोग दावीमा निजहरू चोरीको पटके कसुरदार हुन् भन्ने देखिँदैन । उल्लिखित कानूनी व्यवस्थाअनुसार पहिलोपटक साधारण चोरी गर्नेउपर चोरीको १२ नं. बमोजिमको अभियोग दावी भएको मुद्दामा अ.बं. ११८(३) को कानूनी व्यवस्था आकर्षित हुने अवस्था देखिँदैन । यस्तो अवस्थामा रहेको अभियुक्तको सम्बन्धमा मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा अ.बं. ११८ को देहाय ५ नं. समेतलाई विचार गरी कानूनबमोजिम गर्नुपर्ने हुन्छ । थुनामा राख्ने अख्तियारी भएको भए पनि कुनै पनि व्यक्तिलाई पुर्पक्षको लागि नै किन नहोस् थुनामा राख्दा कानूनसङ्गत आधार र कारण हुनैपर्छ । कानूनको जथाभावी प्रयोगले न्यायलाई पराजित गर्छ भन्नेतर्फ सचेत रही न्यायकर्ताले न्यायिक विवेक पुर्‍याएर कार्य गर्नुपर्ने ।

विचाराधीन चोरी मुद्दामा कारवाहीको सिलसिलामा त्यस अदालतको आदेशउपर अ.बं.१७ नं. बमोजिम पुनरावेदन अदालत, पाटनमा निवेदन परेको भन्ने निवेदनमा उल्लेख भए पनि सोमा तत्काल निकास नपाएको भन्ने आधारमा प्रस्तुत निवेदन परेको देखिन्छ । थुनछेकको विषय प्राथमिकता दिनुपर्ने र संवेदनशील विषय भएको हुँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन ग्रहण गर्नु परेको अवस्था देखिन्छ । प्रस्तुत अवस्थामा विपक्षी काठमाडौं जिल्ला अदालतको मिति २०७१।५।३ को आदेश कायम रहेको अवस्थालाई हेर्दा अ.बं. ११८(३) को आधारमा थुनछेक गरेको कानूनसङ्गत नदेखिएको तर त्यति नै कारणले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट रिहाई दिई पठाउन सकिने अवस्था नभई अन्य कारवाही गर्नुपर्ने कानूनी स्थिति देखिएकोले मुलुकी ऐन, अ.बं. ११८(५) लगायतको कानूनबमोजिम जो जे गर्नुपर्ने हो गरी कानूनबमोजिम गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतलाई लेखी पठाइदिने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असोज ६ गते रोज २ शुभम् ।

१०

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६८-WO-०८७६, उत्प्रेषण/परमादेश, *दीपक पोखरेल वि. वन तथा*

भू-संरक्षण मन्त्रालयसमेत

रिट निवेदकले माग गरेको अध्ययन बिदा निजामती सेवा नियमावली, २०५० को नियम ६४ को उपनियम (१क) को खण्ड(ख) बमोजिम ६० दिनभित्र अस्वीकृत नगरी सो म्याद नाघेपछि मात्र अस्वीकृत गरेको देखिएको र त्यसरी स्पष्टरूपमा कानूनले नै निश्चित गरी तोकिदिएको म्यादभित्र बिदा अस्वीकृत भएको जानकारी नदिएको अवस्थामा ऐ. नियमावलीको नियम ६४(१ख) बमोजिम बिदा स्वीकृत भएको मानिने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको आधार र कारणबाट बिदा स्वीकृत भएको कानूनी परिणामजन्य स्थिति देखिएकोले विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफसँग सहमत हुन सकिएन । सो मन्त्रालयको बिदा स्वीकृत नगर्ने गरेको हदसम्म मिति २०६८।१०।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६९-WO-०३३९, उत्प्रेषण/परमादेश, *रामचन्द्र श्रेष्ठ वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

११

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०७०-WH-००६५, बन्दीप्रत्यक्षीकरण, *शुक्रराज तामाङ वि. कारागार कार्यालय, दोलखासमेत*

बन्दीप्रत्यक्षीकरण जस्तो व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग सम्बन्धित विषयमा निज कानूनबमोजिम कैदमा बसेको छ छैन भन्ने विषयलाई हेर्नबाट यस अदालत पन्छिन नमिल्ने हुँदा थुनाबाट भागेको मुद्दामा कैद ठेकेको मिलेको छ छैन भनी समग्ररूपमा हेर्नुपर्ने हुन्छ । यी निवेदकलई कर्तव्य ज्यान मुद्दामा तोकिएको ५ वर्ष कैदलाई नै डेढी बढाई सजाय गरेको पाइयो । माथि उल्लिखित व्यवस्थानुसार निवेदन मिति २०६४।११।२८ देखि मिति २०६४।१२।२५ सम्म कर्तव्य ज्यान मुद्दामा थुनामा बसेको दिन २८ कट्टा गरी सजाय कायम भएको नदेखिने ।

पुनरावेदन अदालत, पाटनबाट थुनुवा भागे भगाएको मुद्दामा भएको मिति २०६८।८।२० को फैसलामा उक्त मुद्दामा प्रतिवादी यी निवेदक थुनामा बसेको अवधि कट्टा नगरी निजलाई ७ वर्ष ६ महिनाको कैद तोकिएको हुँदा सो हदसम्म मिलेको देखिएन । यी निवेदक मिति २०६५।८।२५ मा पक्राउ परी कैदमा रहेको देखिएकोमा निजले कैद भुक्तान गर्नुपर्ने अवधि व्यतीत भैनसकेको हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

१२

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०७०-CR-००८०, मोटरसाइकल चोरी, *अर्जुन गुरूङ वि. नेपाल सरकार*

प्रतिवादीको अनुसन्धानको क्रममा

भएको साबिती बयान, जाहेरवालाको बकपत्र एवम् बरामदी मुचुल्काको काम तामेल गर्ने प्रहरी कर्मचारीहरूको बकपत्रसमेतले प्रतिवादीउपरको कसुर पुष्टि गरेको अवस्था देखियो । चोरी मुद्दामा दसीको सामानसँगसँगै प्रतिवादी पक्राउ पर्नु नै कसुर पुष्टि हुने ठोस आधार प्रमाण मानिन्छ । अदालतमा यी प्रतिवादी अर्जुन गुरूङले बयान गर्दासमेत आफू अन्य प्रतिवादीहरू सँगसँगै रहेको अवस्थामा हाम्रो अगाडि एउटा मोटरसाइकल पार्किङ गरिराखेको थियो भन्ने बयानमा उल्लेख गरेको पाइन्छ र सोही अवस्थामा निज पक्राउ परेको देखिँदा प्रतिवादीउपरको आरोपित कसुर ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।११।१६ को फैसला मनासिब नै देखिएकोले सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१३

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६९-CR-००९८, लागु औषध चरेस, *चन्द्रबहादुर रोकामगर वि. नेपाल सरकार*

प्रतिवादीले गाईवस्तुकै औषधिको लागि चरेस उत्पादन गरेको कुरामा अदालतमा नै साबित रहेको कुरामा विवाद छैन । यसरी गाईवस्तुको लागि वा अन्य जे उद्देश्यका लागि भए तापनि लागु औषध चरेसको उत्पादन सञ्चय गर्नसम्म पनि लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) ले निषेध गरेको छ । तसर्थ अन्य व्यक्तिलाई बिक्री वितरण गर्ने प्रयोजनको लागि होस् वा गाईवस्तुको औषधिको लागि होस् चरेसको उत्पादन र सञ्चयसम्म गर्न पनि ऐनले निषेध गरेको अवस्थामा गाईवस्तुलाई चिसो लाग्दा खुवाउन भनी चरेस तयार गरेको हो भन्ने प्रतिवादीको भनाइले निजका कसुरलाई अझ पुष्टि गरेको अवस्था हुँदा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) ले जुनसुकै उद्देश्यले भए पनि लागु औषध चरेसको उत्पादन र सञ्चय गर्न निषेध गरेको अवस्थामा यी प्रतिवादीलाई ऐ ऐनको ऐ दफा ४(क) बमोजिम कसुर ठहर भई ६ महिना कैद र रू. २०००।- जरिवाना हुने गरी भएको पुनरावेदन अदालत, बागलुङको मिति २०६८।९।५ को फैसला मनासिब नै देखिएकोले सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१४

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६६-CR-०५१५, जबर्जस्ती करणी, *नेपाल सरकार वि. अर्जुन जोगी*

किटानी जाहेरी पर्नु एवम् पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा योनीच्छेदन भएको र च्यातिएको भन्नेसमेत देखिएको कुरालाई नकार्ने अवस्था छैन तर किटानी जाहेरी दिने जाहेरवाला, बुझिएका व्यक्तिहरू एवम् पीडितसमेत कसैको पनि अदालतमा बकपत्र हुन सकेको पाइएन । पीडित स्वयम्ले प्रतिवादीले करणी गरेको भन्न नसकी योनीमा औंला छिराएको भनी कागज गरेको भए तापनि अदालतमा उपस्थित भई सोको पुष्टि गरिदिएको अवस्था छैन । अदालतभन्दा बाहिर

अन्य निकायमा भए गरेका कागजलाई यथार्थपरक र प्रामाणिक गराउनका लागि अदालतमा त्यसको पुनः पुष्टि हुन जरूरी हुन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ ले तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखतमा उल्लेख भएका कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था गरेको छ । यस्तो अवस्थामा जाहेरी, मौकाको कागज र स्वास्थ्य परीक्षण प्रतिवेदनलाई मात्र आधार मानी जबर्जस्ती करणी जस्तो जघन्य अपराधमा प्रतिवादीको कसुर कायम हुनसक्ने स्थिति हुँदैन । कसुर स्थापित हुनका लागि कसुर गरेको भन्ने व्यक्ति अदालतमा उपस्थित भई सोअनुसार आफ्नो भनाई अदालतसमक्ष राख्नु जरूरी हुने हुँदा प्रतिवादीउपरको आरोपित कसुर पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

१५

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६६-CR-०५१७, जबर्जस्ती करणी उद्योग, *चन्दन कागती वि. नेपाल सरकार*

पीडित रेणु राजवंशीलाई प्रतिवादीले भुइँमा लडाई सर्ट, कट्टु खोली आफ्नो लिङ्ग पीडितको योनीसम्म पुर्‍याएको कुरा पीडितले गरेको कागज एवम् बकपत्रबाट देखिन्छ । स्वयम् प्रतिवादीले वारदातस्थलमा आफू रहे भएको तथ्यलाई अदालतमा होइन भन्न सकेका छैनन् । करणी गर्ने मनसायले पीडितलाई समाई जबर्जस्ती गर्ने प्रयास गरेको कुरामा निज अनुसन्धानमा साबित नै छन् । घटनास्थल प्रकृति मुचुल्का हेर्दा झारपात मडारिएको भन्नेसमेत देखिएको छ । पीडित र प्रतिवादी घटनास्थलमै आपत्तिजनक अवस्थामा रहेको देख्ने प्रत्यक्षदर्शी शर्मिला राजवंशीले अदालतमा बकपत्र गरेको पनि पाइन्छ । पीडितले प्रतिवादीलाई आरोप लगाउनुपर्ने अन्य कारण र आधार प्रतिवादीले खुलाउन सकेको पनि पाइँदैन । पीडित प्रतिवादीबीच मेलमिलाप गराउने उद्देश्यले गाउँ समाजमा भएको कागजमा यी प्रतिवादीले अन्यथा भन्न सकेका छैनन् ।त्यस्तो कागजलाई प्रमाण ऐन, २०३१ ले प्रमाणमा लिन नमिल्ने भन्ने यी प्रतिवादीले पुनरावेन जिकिर लिए तापनि उक्त कागजमा निजले कुनै कुरा व्यक्त गरेको देखिँदैन । व्यक्त नै नभएको विषय फैसलामा प्रमाणमा लिइएको पनि देखिँदैन । उक्त कागजले केवल यी प्रतिवादीले आफूले गल्ती गरेको कुरामा सहमत भई गाउँ समाजमा कागज गरेको कुरालाई स्वीकार गरेको तथ्यसम्मलाई उजागर भने गर्दछ । जबर्जस्ती करणीको उद्योगमा करणी गर्ने कार्य सम्पन्न नहुने हुँदा प्रस्तुत मुद्दामा प्रश्न नै नउठेको बल प्रयोगको घटनाको प्रमाण खोज्नु जरूरी छैन । तसर्थ प्रस्तुत मुद्दामा पीडित र प्रतिवादीबीच शारीरिक संघर्ष भई घा चोटका चिह्न, लक्षण नदेखिएको भए तापनि प्रतिवादीले जबर्जस्ती करणी गर्न लाग्दा पीडितकी काकी नाता पर्ने शर्मिला राजवंशीको घटनास्थलमा भएको आगमनको कारणले अपराधले पूर्णता नपाएको

भन्ने पुष्टि भएको हुँदा पीडित नाबालिकालाई प्रतिवादीले जबर्जस्ती करणीको उद्योग गरेको ठहर्याई चार वर्ष कैद हुने भनी भएको पुनरावेदन अदालत, इलामको मिति २०६६।२।३ को फैसला कानूनसम्मत एवम् मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

१६

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६९-CR-०६९५, ठगी, *मुरारी घिमिरे वि. नेपाल सरकार*

जग्गा सस्तोमा दिलाउने प्रलोभन र झुक्यानमा पारी जाहेरवालाबाट रकम लिएकोमा विवाद छैन । जाहेरवालालाई मिलाइदिने भनिएको जग्गा प्रतिवादीको नाममा रहे भएको भन्ने पनि देखिन आउँदैन । प्रतिवादीले जाहेरवालालाई दिएको चेक पटकपटक भुक्तानी हुन सकेको छैन । प्रतिवादीले अदालतको बयानमा राखेका आफ्ना साक्षीहरू अदालतमा उपस्थित हुन सकेका छैनन् । यस बाहेक तमसुक कागजमा साक्षी बसेकी प्रतिवादीकी श्रीमती विमला घिमिरेको पनि प्रतिवादीले कतै उल्लेख गरेको देखिँदैन । प्रतिवादीले जाहेरवालालाई पटकपटक गरी केही रकम दिएको भनी जिकिर लिए तापनि आफ्नो सफाइमा सोको भरपाईलगायतको अन्य कुनै प्रमाण प्रतिवादीले पेस गर्न सकेका छैनन् । यी सबै तथ्यहरूको सूक्ष्मरूपले मूल्याङ्कन नगरी भाखा तमसुक भएको भन्ने आधारमा मात्र प्रतिवादीले गरेको ठगीको कसुरबाट निजलाई उन्मुक्ति दिन नमिल्ने हुँदा निजलाई ठगीको १ नं. को कसुरमा ऐ. ४ नं. बमोजिम सजाय गरी जाहेरवालालाई बिगो भराउने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।३ को फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

१७

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६९-CR-९०८, ठगी, *नेपाल सरकार वि. शिव पाण्डे भन्ने शिवप्रसाद पाण्डेय*

जाहेरवाला शङ्करप्रसाद पोखरेलबाहेक अन्य जाहेरवालाहरू आफ्नो भनाइ पुष्टि गर्न अदालतमा बकपत्र गर्न आउन सकेको देखिएन । अदालतमा बकपत्र गर्न नआउने तर जाहेरी सँगसँगै प्रतिवादीले बुझेको रकमको भरपाई पेस गरेका जाहेरवालाहरूको हकमा पुनरावेदन अदालतबाट सो रकमसमेत खामी बिगो कायम गरी कसुर ठहर भएकै अवस्था छ । नगद रकम बुझाएको कुनै प्रमाण पेस गर्न नसक्ने, अदालतमा उपस्थित भई आफ्नो भनाइ राख्न नसक्ने मानिसको हकमा बिनाआधार निजको एकपक्षीय भनाइको आधारमा प्रतिवादीको कसुर कायम गर्नसक्ने अवस्था नरहने ।

बिगो ठहर नभएका जाहेरवालाहरूको हकमा प्रतिवादीले ठगीको कसुर गरेको देखिने कानूनी एवम् प्रामाणिक आधार नभएको अवस्थामा प्रतिवादीबाट जाहेरवालाहरू शङ्करप्रसाद पोखरेल, उपेन्द्र कुँवर, चेतराज बम, विमलकुमार थापा, भीमसेन चौंलागाईं, हरि ज्ञवाली, विकास

अधिकारी, उषा गुरूङसमेतलाई बिगो भराई निज प्रतिवादीलाई ठगीको महलको ४ नं. अनुसार बिगो रू. ८,६६,०००।- (आठ लाख छैसट्टी हजार) जरिवानासमेत हुने ठहर गरी भएको पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।८।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१८

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६७-CR-१३२२, बहुविवाह, *नेपाल सरकार वि. पवित्रा नेपाल*

प्रतिवादी पवित्रा नेपाल र अर्का प्रतिवादी कृष्णप्रसाद एकै ठाउँमा बस्ने नभई निजहरूको घर फरकफरक जिल्लामा रहेको देखिन्छ । यसबाहेक यी पवित्रा नेपाललाई निज कृष्णप्रसादले भगाएर नभई मागेर विवाह गरेको भन्ने मिसिल अध्ययन गर्दा देखिएको छ । मागेर विवाह गर्दा सामान्यतः केटी पक्षका अभिभावकहरूलाई विवाहबारे जानकारी हुने र त्यस्तो विवाहमा अभिभावकको सहमति हुन्छ भन्ने अनुमान गर्नुपर्ने हुन्छ । सामान्यतया विवाहित लोग्ने मानिससँग कन्या केटीको विवाह गरिदिन केटी पक्षका अभिभावकले अनुमति देलान् भन्ने अनुमान गर्न सकिन्न । मिसिलबाट विवाहित कृष्णप्रसादसँग यी प्रतिवादी पवित्रा नेपालले विवाह गर्नुपर्ने बाध्यता सिर्जना भएको अन्य कारण खुल्न आएको पनि छैन । यस्तो अवस्थामा निज प्रतिवादी पवित्राले प्रतिवादी कृष्णप्रसादको अर्की श्रीमती भएको भन्ने जानकारी भएर नै विवाह गरेको हुनसक्ने विश्वास गर्न सकिने ठोस आधार विद्यमान भएको नदेखिँदा प्रतिवादी पवित्रा नेपालले अभियोग माग दावीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।६ को फैसला मनासिब नै देखिएकोले सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

इजलास नं. ३

१

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६७-CI-०९९८, निषेधाज्ञा, *आशाकाजी गुभाजु वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

ज्ञानेन्द्रमान बज्राचार्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अनिल बज्राचार्यसमेत भएको ज्यान मुद्दामा आशाकाजी बज्राचार्यलाई अनुसन्धानको क्रममा बुझ्नुपरेकोले निजलाई उपस्थित गराउनेसम्मको कार्य भएको भन्ने जिल्ला प्रहरी कार्यालय, नुवाकोटबाट प्रस्तुत लिखित जवाफको व्यहोराबाट देखिएको छ । विपक्षीहरूको लिखित जवाफबाट नै आशाकाजी बज्राचार्यलाई उल्लिखित मुद्दाको अनुसन्धानको सिलसिलामा विपक्षीहरूले बुझ्नैपर्ने अवस्था परेमा यी निवेदकलाई पनि बुझ्नसक्ने हुन्छ । सो बुझ्दाको अवस्थामा पनि निज निवेदकको प्रमाणहरूसमेत हेरी बुझी निज निवेदक वारदातमा संलग्न व्यक्ति हो कि अरू नै व्यक्ति हो भन्ने कुराको यकिन गरेर मात्र कारवाही अगाडि

बढाउनुपर्ने हुन्छ । सोअनुसार निज निवेदक विपक्षीहरूले बुझ्नुपरेको व्यक्तिभन्दा फरक व्यक्ति देखिन गएमा निजको हकमा कारवाही स्थगित हुन जाने हुन्छ । यसरी हेर्दा प्रस्तुत ज्यान मुद्दाको अनुसन्धानको सिलसिलामा बुझ्नुपर्ने व्यक्ति यही हो वा होइन भनी सबुद प्रमाणको मूल्याङ्कन र विवेचना गरी निषेधाज्ञाको क्षेत्रबाट निर्णय दिन सकिने अवस्था पनि देखिन आएन । निजलाई अनुसन्धानको सिलसिलामा प्रहरीले उपस्थित गराउन सक्ने र निजले सोही बखत आफू अरू नै व्यक्ति हुँ भन्न र प्रमाण देखाउन सक्ने र सोहीबाट यथोचित कारवाही हुनसक्ने नै हुँदा अनुसन्धानको सिलसिलामा बुझ्ने अनुसन्धानकर्ताको कार्यमा बाधा व्यवधान हुने गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६७।७।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल भदौ २६ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६८-CI-०७८०, परमादेश, *शान्ति तथा पुनर्निर्माण मन्त्रालयसमेत वि. गङ्गाबहादुर थापा*

निवेदकलाई द्वन्द्वकालमा राज्यद्वारा सञ्चालित सुरक्षा फौजद्वारा क्रूर तथा अमानवीय ढङ्गले यातना दिएको नजरबन्द बनाएको देखिएको, सशस्त्र द्वन्द्वकालमा अपहरणमा परेका व्यक्तिहरूको सम्बन्धमा द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन गर्ने कार्यदलले दिएको दोस्रो प्रतिवेदनमा निज निवेदकको नामसमेत समावेश भएको र सो कुरालाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयले पनि पुष्टि गरेको देखिएको तथा निज निवेदकले पाउने ठहरेको रकम बुझिलिएको समेत देखिएको साथै माथि उल्लिखित संविधान र ऐन कानूनको अलावा नेपाल सरकारको मिति २०६५।१।१३ मा भएको निर्णयानुसार जारी भएको द्वन्द्वपीडितलाई द्वन्द्वपीडितको लागि आर्थिक सहायता एवम् राहतसम्बन्धी मापदण्ड, २०६४ को दफा ५.१ बमोजिम पनि पीडितलाई राहत दिनुपर्ने देखिएको समेतका आधार कारणबाट राहतस्वरूप आर्थिक सहायता उपलब्ध गराई दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल भदौ २६ गते रोज ५ शुभम् ।

इजलास नं. ४

१

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WH-००१४, बन्दीप्रत्यक्षीकरण, *डा. सिके राउत भन्ने चन्द्रकान्त राउतको हकमा सूर्यकान्त राउत वि. जिल्ला प्रहरी कार्यालय, मोरङसमेत*

निवेदक विरूद्ध राज्य विरूद्धको

अपराधसम्बन्धी मुद्दा अनुसन्धानको क्रममा रही तत्सम्बन्धमा विशेष अदालत, काठमाडौंबाट म्याद थपसमेत भएको देखिएको र निवेदकले निवेदनमा उठाएका सबै सवालहरू र थुनाको वैधता वा अवैधता सम्बन्धमा सोही अदालतबाट सम्बोधन हुने नै देखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । निवेदकले तथा निजका कानून व्यवसायीहरूले बहसको क्रममा निवेदकको स्वास्थ्यको सम्बन्धमा निवेदन गर्दै निजले रोजेको अस्पतालमा उपचार गर्न परमादेशको आदेश जारी गरिपाउन भनी माग गरिएको हुँदा व्यक्ति विशेषको स्वास्थ्यसम्बन्धी हक पनि एउटा मानवको अधिकार भएकोले निज निवेदकले चाहेको तथा रोजेको अस्पतालमा निजको निजी खर्चमा आफूले रोजेको चिकित्सक तथा अस्पतालबाट उपचार गराउने व्यवस्था गरिदिनका लागि नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७१ साल असोज ८ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६८-CR-११३९, ००९५, सवारी ज्यान, *नेपाल सरकार वि. कैवल्य शमशेर राणा, कैवल्य शमशेर राणा वि. नेपाल सरकार*

प्रतिवादीले चलाएको गाडीमा एक्कासी ब्रेक लगाउँदा एयर ब्याग खुल्न गै एयर ब्यागले पूरै अनुहारसमेत छोपिन गै काबुबाहिरको परिस्थिति सिर्जना भै सवारी अनियन्त्रित हुन गएबाट अन्य सवारी साधनहरूमा समेत क्षति पुग्न गएको देखिए पनि मृतकका आफन्तसमेतले मृतक र प्रतिवादीका बीच पूर्वरिसइबि र झगडा नभएको भनी बकपत्र गरेको र प्रतिवादीले चलाएको गाडीको ब्रेकलाइटसमेत बलिरहेको अवस्थाबाट प्रतिवादीले दुर्घटना नियन्त्रण गर्ने प्रयास गर्दागर्दै दुर्घटना हुन गै तीर्थबहादुरको मृत्यु भएको देखिँदा मानिस मर्ने सम्भावना रहेको भन्ने जानीजानी लापरवाहीपूर्वक सवारी चलाएको नदेखिएको अवस्था हुँदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) विपरीत प्रतिवादीले कसुर गरेको ठहर्याई दुर्घटनाको रूप विचार गरी सोही दफाबमोजिम प्रतिवादीलाई कैद महिना ३(तीन) तथा जरिवाना रू. २०००।- (दुईहजार) हुने ठहर्याएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।२६।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

मुलुकी ऐन, दण्डसजायको महलको ११क. नं. को देहाय दफा २ बमोजिमको सुविधा पाउनुपर्ने भनी लिएको वैकल्पिक जिकिरको सम्बन्धमा हेर्दा मुलुकी ऐन, दण्ड सजायको महलको ११क. नं. देहाय दफा २ मा "तीन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी कसुरदार ठहरी अड्डाले कैदमा राख्न मनासिब नठहर्याएमा एक दिनको पच्चीस रूपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसुरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्नसक्नेछ । सोबमोजिम कसुरदारले रूपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरिदिनु

पर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी कैवल्य शमशेर २० दिन प्रहरी हिरासतमा बसिरहेको छ भने निजले चलाएको सवारीको गति सिमित भएकोमा बा.१ज ४८५ नं. को ट्याक्सीले एक्कासी दायाँ मोड्दा त्यसमा ठोक्किन गै एयर ब्याग खुली बाटो देख्न नसक्ने अवस्था भएकोले काबुबाहिरको परिस्थितिले गर्दा उक्त दुर्घटना भएको समेतलाई दृष्टिगत गर्दा निजलाई कैदमै राख्नुपर्ने अवस्था नदेखिएकोले निजले मुलुकी ऐन, दण्ड सजायको महलको ११क. नं. को देहाय दफा २ बमोजिम बाँकी कैदबापतको रकम दाखिला गर्ने सुविधा प्रदान हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६९-CI-०११७, उत्प्रेषण/परमादेश, *दिव्यधर आचार्यसमेत वि. बारलुङ नगरपालिकाको कार्यालयसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र विकसित गरेको घडेरीको क्षेत्रमा बाटोमा न्यूनतम् मापदण्ड तोक्नसक्ने नै देखिन्छ । सो कुरा नगरपालिकाले नगरभित्र पुर्‍याउने सेवाको दृष्टिकोणबाट पनि बाटोको न्यूनतम् मापदण्ड तोक्नु आवश्यक हुन्छ । नगरपरिषद्ले आफ्नो क्षेत्रभित्रमा जग्गाको घडेरी विकास गरी सो क्षेत्रमा सडकको न्यूनतम् मापदण्ड कायम गरेको कार्यबाट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा असर परेको मान्न मिल्ने नदेखिएकोले निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गर्नुपर्ने देखिन आएन । अतः उल्लिखित आधार कारणहरूसमेतबाट निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, बारलुङबाट मिति २०६८।९।५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६५-CR-००५५, ००३७, सवारी ज्यान, *नेपाल सरकार वि. सञ्जय सिलवाल, सञ्जय सिलवाल वि. नेपाल सरकार*

प्रतिवादीले हलुका सवारी चलाउनको अनुमतिपत्र प्राप्त गरेको र बा.१ख ६१२८ नम्बरको मिनिट्रक भारी सवारी साधनको मात्र प्रयोग गर्नुपर्नेमा सो नगरी व्यस्त सडकमा भारी सवारी साधन चलाएको भन्ने कुरालाई स्वीकार गरेको समेत पाइएको अवस्थामा त्यसरी आफूले इजाजत पाएको हलुका सवारी साधन चलाउँदा दुर्घटना हुने प्रबल सम्भावना रहनेमा लापरवाही गरी मिनिट्रक चलाएको पाइएबाट त्यस्तो कसुर गरेको अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को देहाय ३ लाग्न नसक्ने भई ऐजन दफाको देहाय २ को प्रावधान लाग्ने भन्ने कुरा प्रष्ट देखिएको छ ।

साथै यस सन्दर्भमा ०६७-CF-००२३ को नेपाल सरकार विरूद्ध राजकुमार तामाङ भएको मिति २०७०।५।१३ को पूर्ण इजलासबाट भएको फैसलामा हलुका सवारीको इजाजत लिई भारी सवारी ट्रक जस्तो सञ्चालन गरी दुर्घटना गराई मृत्यु भएको अवस्थामा ऐजन ऐनको दफा १६१ को देहाय २ अनुसारको सजाय हुने व्याख्या गरिएको हुँदा उल्लिखित आधार र कारणहरूसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।२४ को फैसला केही उल्टी भई यी प्रतिवादी सञ्जय सिलवाललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को देहाय २ अनुसार २ वर्ष कैद र ऐजनको दफा १६१ को देहाय ४ अनसार थप सजाय रू. २०००।- (दुई हजार) जरिवानासमेत हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

५

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, २०६६-CR-०३६०, सवारी ज्यान, *नेपाल सरकार वि. मोहम्मद जमिल अहमद (मियाँ) समेत*

प्रतिवादी मोहम्मद जमिल अहमद (मियाँ) लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम २५ दिन कैद र रू. २०००।- जरिवाना हुने र अर्का प्रतिवादी मोहम्मद सकिल मियाँउपरको वादी दावी पुग्न नसक्ने ठहर्‍याई मोरङ जिल्ला अदालतबाट भएको फैसला निजको हकमा सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६६।३।१५ को फैसला निज प्रतिवादी मोहम्मद जमिल अहमद (मियाँ) को हकमा मिलेको नदेखिँदा केही उल्टी भई प्रस्तुत मुद्दाका प्रतिवादी मोहम्मद जमिल अहमद (मियाँ) ले सवारी चालक अनुमतिपत्र नलिई हेलचेक्र्याईँपूर्वक मोटरसाइकल चलाई शैलेन्द्र राईलाई ठक्कर दिई सोही कारणबाट निजको मृत्यु भएको देखिन आएकोले मोटरसाइकल चालक प्रतिवादी मोहम्मद जमिल अहमद (मियाँ) लाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र दफा १६१(२) बर्खिलापको कसुर गरेको पुष्टि हुन आएकोले ऐजन ऐनको दफा १६१(२) नं. बमोजिम २ वर्ष कैद र ऐजन ऐनको दफा १६१(४) नं. बमोजिम थप रू. २०००।- जरिवानासमेत हुने ठहर्छ । साथै अर्का प्रतिवादी मोहम्मद सकिल मियाँले आफ्नो जिम्मामा रहेको को१प ७७५२ नं. को मोटरसाइकल सवारी चालकको अनुमतिपत्र नभएका प्र. मोहम्मद जमिल अहमद (मियाँलाई) दिएको नभै निज भाइ नाताको व्यक्ति हुँदा निजले आफैंले लिई गई साइकल यात्री शैलेन्द्र राईलाई ठक्कर दिँदा मर्न गएकोले निज प्रतिवादी मोहम्मद सकिल मियाँको हकमा पुनरावेदन अदालत, विराटनगरबाट अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याई भएको मिति २०६६।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी, ०६७-CI-०३५१, जग्गा खिचोलासमेत, *अल्ताव धोवी भन्ने अल्ताव अहमद धोवी वि. इसाक धोवी*

मिसिल संलग्न नक्सा मुचुल्काबाट न.नं.४ को ०-०-४$^{१}/_{२}$ जग्गा यी पुनरावेदक प्रतिवादीको भोग चलनमा रहेको भन्ने देखिएको हुँदा मुलुकी ऐन, जग्गा मिच्नेको महलको १ नं. विपरीत प्रत्यर्थी वादीको कि.नं. १०५/२२४ को जग्गामध्ये भै आएको नक्सा मुचुल्काको न.नं. ४ मा उल्लिखित क्षेत्रफल ०-०-४$^{१}/_{२}$ जग्गा पुनरावेदक प्रतिवादी अल्ताव अहमद धोवीले खिचोला गरेको भन्ने देखिन आयो । मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले जग्गा खिचोला गरेको भन्ने प्रष्ट देखिइरहेको अवस्था हुँदा वादी दावी नपुग्ने गरी भएको बर्दिया जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूले वादी दावीको कि.नं. १०५/२२४ को जवि ०-१७-१० जग्गामध्ये भै आएको नक्साको न.नं. ४ कि.नं. २२४ को क्षेत्रफल ०-०-४$^{१}/_{२}$ विवादित जग्गासम्म खिचोला गरेको ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २९ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CI-१६११, निर्णय बदर, *छठुप्रसाद जयसवार वि. असर्फी कापड यादव*

मोहियानी हक जो मोही हो त्यसैको मात्र हुन्छ । केवल परलोक भएपछि मोहीका एकासगोलका व्यक्तिहरूमध्ये जग्गाधनीले पत्याएको व्यक्तिमा सर्ने हो । मोहीको आफ्नो मोहियानी हक कसैसँग फैसला मिलापत्र वा डिसमिस गराई समाप्त गराएमा मोहियानी हकमा अंश हक र अपुताली हक नलाग्ने हुनाले मोही परलोक भएपछि उसका एकासगोलका परिवारमध्ये जग्गाधनीले पत्याएको अवस्थामा हक हुनसक्ने व्यक्तिले आफ्नो हुँदै नभएको हक जाने भयो भनी नालिस गर्ने हक रहँदैन । तसर्थ कि.नं. ५६७ को तत्काल मोही जयकरण राउत कुर्मी भएकोले त्यसको मोहियानी जयकरण राउत कुर्मीकै हुने हुन्छ । अरूको हक त्यसमा रहँदैन । जयकरण राउत कुर्मी रहेसम्म अन्यथा नभएको अवस्थामा छोरा यी पुनरावेदक छठुप्रसाद जयसवारको पनि हक हुनसक्ने अवस्था नरहने हुँदा अड्डाको निर्णयबाट मोही निष्काशन भइसकेको मोहीले आफ्नो जीवनकालमा त्यो निर्णय बदरतर्फ उजुर नगरेको र मोही परलोक भइसकेपछि निर्णय भएको तीन दशकपछि मोहीको छोराले अ.बं. ८६ नं. अनुरूप आएकोमा मोहीको हक अंश वा अपुताली जस्तो हक नभई मोही परलोक भएपछि मोहीको सगोलको परिवारमध्ये जग्गाधनीले पत्याएको व्यक्तिमात्र मोही हुनसक्ने हुँदा मोहीको छोराको अ.बं. ८६ नं. अनुरूप नालिस

लाग्न नसक्ने भई मिति २०३२।५।१९ को भूमिसुधार कार्यालयको निर्णय बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।११।२५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६७-CI-१६१२, मोही नामसारी, *छठुप्रसाद जयसवार वि. असर्फी कापड यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास नं. ६

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६७-CI-०८७५, अंश दर्ता, *रामवरण साहसमेत वि. मोहरीदेवी*

बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति निजी आर्जनको रूपमा स्वीकार गरिने भए तापनि एकासगोलको अंशियारबाट अन्यत्र अरूको गाउँमा गई निजबाट पुनः बकसपत्रको रूपमा एकासगोलको अंशियारको नाउँमा हस्तान्तरण भई आएको अवस्थामा त्यस्तो बकसपत्रलाई निजी आर्जनको सम्पत्ति मान्न नमिल्ने हुँदा सगोलकै मान्नुपर्ने अवस्था हुन्छ । प्रतिवादीमध्येकी रमलकुमारीको नाउँमा बकसपत्रमार्फत मिति २०५६।१२।१६ मा निजको बाबु सीताराम साहबाट आएको कि.नं. ५१४ र २१९ को जग्गा तथा मिति २०५८।५।२७ मा निजको बाबु सीताराम साहबाटै आएको कि.नं. २९४ को जग्गामध्ये कि.नं. ५१४ र २१९ को जग्गा सगोलकी अंशियार वादी मोही हरिदेवीबाट सीताराम साहको नाउँमा गएको देखिएको तथा कि.नं. २९४ को जग्गा प्रतिवादी शम्भु साहको नाउँबाट सीताराम साहको नाउँमा गएको देखिन्छ । यसरी सगोलको अंशियारबाटै अरूको नाउँमा गई पुनः बकसपत्रको माध्यमबाट एक अंशियार रमलकुमारीको नाउँमा आएको कि.नं. ५१४, २१९ र २९४ बाट बन्डा लाग्ने र वादीले बकसपत्रबाट पाएको कि.नं. ५४४ को जग्गालाई बन्डा नलाग्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।९।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६८-CI-०२९०, निषेधाज्ञा/परमादेश, *जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेसमेतबाट ऐ. कार्यालयका प्रमुख जीवनकुमार मल्ल वि. अधिवक्ता प्रमोद रिजालसमेत*

अनुसन्धानबाट निस्केका निचोडहरूलाई सावधानीपूर्वक पालना गरी निर्देशनमा उल्लिखित प्रचार प्रसारका विधिहरू राज्यको तर्फबाट अधिकतम् मात्रामा पूरा गरिएको अवस्थामा औषधि वितरणमा रोक लगाउनुपर्ने देखिँदैन । अदालत विकास र अधिकतम् जनताको हितको लागि राज्यको तर्फबाट सञ्चालन

हुने राष्ट्रिय कार्यक्रमको विरोधी कदापि हुन सक्तैन । तर जनताको हित र जनस्वास्थ्यको लागि पालना गर्नुपर्ने विधि र मान्यताहरू पालन नै नगरिकन राज्यले त्यस्ता कार्यक्रम सञ्चालन गर्दछ भन्ने त्यसलाई रोक लगाउन पनि पछि पर्न नहुने ।

विभिन्न रोगको कारणले मानिसको मृत्यु हुने सामान्य प्रक्रिया भए तापनि मृत्यु भएका भनिएका व्यक्तिहरूमा हात्तीपाइले रोग विरूद्धको औषधि सेवनपछि देखा पर्ने लक्षणहरू देखा परी मृत्यु भएको भन्ने दावी रहेको छ । मानिसहरूमा नकारात्मक असर देखिने भएकोले विभिन्न स्वास्थ्य संस्थालाई सजग गराइएको भन्ने लिखित जवाफ हुँदा यी औषधि सेवानबाट नकारात्मक असर (Side Effect) नहुने भन्ने होइन । यही औषधि सेवनकै कारणले निजहरूको मृत्यु भएको हो भन्न नसकिए तापनि यो प्राविधिक विषय भएकोले हात्तीपाइले रोग विरूद्धको औषधि सेवनको कारणले मृत्यु भएको पुष्टि गरी मृतकका हकदारले निवेदन दिएमा राज्यको तर्फबाट उचित क्षतिपूर्ति दिनु नै पर्ने देखिँदा बाँके जिल्लामा तत्काल हात्तीपाइले रोग विरूद्धको औषधि सेवन गराउने कार्यक्रम स्थगित गर्ने र सो औषधि सेवनबाट मृत्यु भएका व्यक्तिलाई क्षतिपूर्ति दिने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६८।२।११ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६४-CI-०९९७, निषेधाज्ञा, *अम्बिकादेवी श्रेष्ठ वि. कृष्णकुमारी ढकाल*

विवादित जग्गाको सम्बन्धमा मोहीसम्बन्धी मुद्दा हालसम्म पनि भूमिसुधार कार्यालय, काठमाडौंमा चली पक्ष तारिखमा रहेको भन्ने कुरा निवेदकको तर्फबाट उपस्थित कानून व्यवसायीहरूले बहसको क्रममा स्वीकार गर्नुभएको छ । सो जग्गाको हक बेहकको प्रश्नमा प्रमाण बुझी मुख नमिलेको कुरामा निर्णय गर्न प्रस्तुत निवेदनको रोहमा मिल्ने देखिएन । विपक्षीले जबर्जस्ती घर भत्काउने आशङ्का भयो भन्ने निवेदन दावी भए तापनि घर भत्काउन गएको कुरामा विपक्षीले स्वीकार गरी लिखित जवाफ पेस गरेको देखिँदैन । यसैगरी यिनै विपक्षीले जबर्जस्ती घर भत्काउने आशङ्का भयो भनी दायर गरेको दे.पु.नं. ०६८-CI-१०३७ र १०३८ का मुद्दाहरूमा निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने गरी यसै अदालतबाट मिति २०७०।२।३० मा फैसला भइसकेको अवस्था देखिन्छ । सो मुद्दामा भएको फैसलालाई अन्यथा गर्न नसकिने अवस्था एकातर्फ छ भने अर्कोतर्फ विपक्षीले पुनरावेदिकाको घर जग्गामा हस्तक्षेप गर्नसक्ने आशङ्काको विद्यमानता प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातबाट देखिँदैन । तसर्थ, निषेधाज्ञाको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।८।१२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

इजलास नं. ७

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., २०६९-CR-००५३, रिसवत, पुष्करराज नेपाल वि. नेपाल सरकार

प्रतिवादी पुष्करराज नेपालले सूर्यमान श्रेष्ठबाट धरौटी लिन आदेश पर्चा खडा गरेको र सो आदेश पर्चाबाट रू. ५०,०००।- धरौटी माग गरेकोले सोही धरौटीबापतको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कर्मचारीले बरामद गरेको र सो रकम धरौटीको रकम हो भनी प्रतिवादी पुष्करराज नेपालले भनेको भनी बरामद गर्ने प्रहरी नायब उपरिक्षक गणेशचन्दले विशेष अदालतमा बकपत्र गरेको देखिँदा प्रतिवादी पुष्करराज नेपालबाट बरामद भएको रू. ५०,०००।- घुसको लागि नभै सूर्यमान श्रेष्ठबाट धरौटी माग गरेको र निजको सहयोगी सन्तोष स्याङताङले सो रकम दाखिल गर्न ल्याएको धरौटीको रकम रू. ५०,०००।- देखिएको हुँदा प्रतिवादी पुष्करराज नेपाललाई अभियोग दावीबाट सफाइ दिनुपर्नेमा विशेष अदालत, काठमाडौंले कसुरदार ठहर्‍याई ३ महिना कैद र रू. ५०,०००।- जरिवाना गरेको मिति २०६८।११।१५ को फैसला उल्टी भै प्रतिवादी पुष्करराज नेपालले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

इति संवत् २०७१ असोज १ गते रोज ४ शुभम् ।

इजलास नं. ८

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल, २०६७-WO-०३४३, उत्प्रेषण/ परमादेश, *लक्ष्मण लामा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

निवेदकले उर्दीको पोसाकमा मादक पदार्थ सेवन गरेको भई सचेत गराउँदा आचरणसम्बन्धी नियम बारम्बार उल्लङ्घन गरेको र गल्ती सुधार्न प्रतिबद्धसमेत रहेको स्थितिमा सिमित पोसाकमा न्यून मात्राको मदिरा सेवनको सामान्य अवस्थामा निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४(ख)१ बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको निर्णय निवेदकको कसुरको मात्राभन्दा चर्को पर्ने देखिने भएकोले विपक्षी सशस्त्र प्रहरी बल प्रधान कार्यालयको प्रहरी नायब महानिरीक्षकको मिति २०६७।५।२९ र त्यसलाई सदर गरेको सो कार्यालयको प्रहरी महानिरीक्षकको मिति २०६७।५।२९ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर भई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४ को खण्ड (क) मा उल्लिखित अन्य उपयुक्त सजाय गरी निजलाई पूर्ववत् सेवा बहाल गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

इति संवत् २०७१ साल असोज ३० गते रोज ५ शुभम् ।

इजलास नं. ९

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६८-CI-१३६१, निषेधाज्ञा, *अमृतबहादुर पाण्डे वि. हरिबहादुर सिवाकोटीसमेत*

विवादित कि.नं. ३ को जग्गामा विवादित काठहरूको सम्बन्धमा निवेदकले यिनै विपक्षीहरूउपर दोलखा जिल्ला अदालतमा दिएको लुटपीट मुद्दा विचाराधीन रहेको अवस्थामा उक्त लुटपीट मुद्दालाई प्रभाव पार्ने गरी रिट क्षेत्राधिकारमार्फत बोल्न मिल्ने देखिएन । यसरी निवेदकले माग दावी लिएको दोलखा जिल्ला, सुनखानी गा.वि.स. वडा नं. ६ को कि.नं. ३ को क्षेत्रफल २९१६० वर्गमिटर जग्गामध्येको ५७५ वर्गमिटरको जग्गामा निजको निर्विवाद हकभोग रहेको जिकिरलाई पुष्टि गर्न नसकेको र कित्ता नं. ३ का विवादित काठहरूको सम्बन्धमा दोलखा जिल्लामा चलेको लुटपीट मुद्दाबाट निर्क्योल हुने नै हुँदा निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।३० को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामानन्दप्रसाद अधिकारी

इति संवत् २०७१ साल साउन २७ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६८-CI-१३६२, निषेधाज्ञा/परमादेश, *शोभा महर्जनसमेत वि. महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ काठमाडौंसमेत*

महानगरीय प्रहरी प्रभाग कलङ्कीले साविक खोलाको सरकारी जग्गा भवन निर्माणको लागि उपलब्ध गराउन अनुरोध गरेबमोजिम का.जि., काठमाडौं महानगरपालिका १४ सि.नं. ११४२.१८ कि.नं. ६५ मध्येबाट क्षे.फ. ०-७-० को जग्गा महानगरीय प्रहरी प्रभागलाई उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयबाट लेखिआएको आधारमा नापी कार्यालय, कलङ्कीबाट कि.नं. ६५ कि.का.भै कायम हुन आएको हाल नगर १४ नक्सा सिट नं. ११४२-१८ कि.नं. १४३ क्षे.फ. २३८.४२ ब.मि. जग्गा नेपाल सरकार, महानगरीय ट्राफिक प्रहरी प्रभाग, कलङ्कीलाई भोगाधिकार उपलब्ध गराउने मिति २०६६।२।१७ को निर्णयानुसार भोगाधिकार उपलब्ध गराइएको भन्ने मालपोत कार्यलय, कलङ्कीको लिखित जवाफबाट देखिन्छ । यी निवेदकहरूले मालपोत कार्यालय, कलङ्कीको उक्त निर्णय बदर गराउन माग दावी लिई कतै उजुर गरेको देखिँदैन भने विवादित कि.नं. १४३ को जग्गा नै साविकमा खोलो हिँडेको वा साविकमा खोलो हिँड्न छाडेको र पछि खोलो हिँड्न छाडेको जग्गा नै विवादित जग्गा हो होइन भन्ने विषयमा सबुद प्रमाण बुझी निर्णय गर्नुपर्ने देखिएको र त्यसरी सबुद प्रमाण बुझी निर्णय गर्न रिट क्षेत्रबाट मिल्ने नदेखिँदा रिट खारेज हुने ठहर्‍याएको मिति २०६८।३।२९ को पुनरावेदन अदालतबाट भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी/रामानन्दप्रसाद अधिकारी

इति संवत् २०७१ साउन २७ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६८-CI-१४७५, निषेधाज्ञा/परमादेश, *मदन साह तेली वि. जिल्ला शिक्षा कार्यालय, रौतहट गौरसमेत*

शिक्षा नियमावली, २०५९ को छैठौं संशोधनको नियम ९७ को अक्षरसः पालना गरी लिखित तथा मौखिक परीक्षा लिई सो पदमा सफल उम्मेद्वारलाई नियुक्ति गरेको देखिएको, नियमावलीविपरीत नियुक्ति भएको भए सो विषयमा नियुक्ति नियमावलीविपरित भए नभएको निरूपण गर्ने क्षेत्राधिकार जिल्ला शिक्षा अधिकारीको भए रहेको अवस्थामा वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी निवेदकले रिट क्षेत्राधिकारको मार्ग अवलम्बन गरी निवेदन दायर गरेको देखिँदा रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ/रामानन्दप्रसाद अधिकारी

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७१ साल साउन २७ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-CR-१३५५, अदालतको अवहेलना, *मदन साह तेली वि. जिल्ला शिक्षा कार्यालय, रौतहट गौरसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ, ०६८-CI-१०८८, निषेधाज्ञा/परमादेश, *बेखाराम महर्जन वि. अष्टमाया महर्जनसमेत, अष्टमाया महर्जनसमेत वि. मालपोत कार्यालय, लगनखेलसमेत*

विवादित कि.नं. ३५४, १३० र ८५ का जग्गा दर्ता गर्न मालपोत कार्यालय, ललितपुरमा जग्गा दर्ता प्रक्रियामा रहेको र वादी आशामरू महर्जन प्रतिवादी बेखाराम महर्जन भएको लेनदेनसम्बन्धी मुद्दाबाट ललितपुर जिल्ला अदालतको पत्रानुसार कि.नं.३५४ र ८५ का जग्गाहरू रोक्का रहेकोले सो लेनदेन मुद्दाको टुङ्गो नलागेसम्म दर्ता गर्न नमिल्ने भनी मुलतबीमा रहेको भन्नेसमेत मालपोत कार्यालय, ललितपुरको लिखित जवाफबाट देखिन्छ । उक्त अंश मुद्दाबाट यी निवेदकहरूको अंश भागमा परेको जग्गामा विपक्षी बेखारामको हक रहेको भन्न मिल्ने देखिँदैन । यसरी निजको हक नै नभएको जग्गाबाट उक्त लेनदेन मुद्दाको बिगो भराउन मिल्ने पनि हुँदैन । मालपोत ऐन, २०३४ को दफा ६(१) र ७ बमोजिम जग्गा दर्ता गर्ने वा नगर्ने दायित्व भएको मालपोत कार्यालयले यी रिट निवेदकसँग सरोकार नै नभएको लेनदेन मुद्दाबाट रोक्का भएको भनी सोही आधारमा अदालतको अन्तिम फैसलाले यी निवेदकहरूको अंशहक कायम भएको जग्गा दर्तासम्बन्धी मुद्दाको टुङ्गो नलगाई मुलतबीमा राखेको मिलेको देखिएन । उक्त कानूनबमोजिम जग्गा दर्ता गर्ने वा नगर्ने विषयमा निर्णय गर्नुपर्ने देखिँदा निवेदकहरूको अंश भागमा पर्न आउने निवेदनमा उल्लेख भएका जग्गाको ३ भागको २ भाग जग्गा निजहरूको नाउँमा दर्ता गर्ने वा नगर्ने विषयमा निर्णय गर्नु भनी मालपोत कार्यालय, ललितपुरको नाउँमा परमादेशको आदेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको

मिति २०६८।५।२१ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी/रामानन्दप्रसाद अधिकारी

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७१ साल साउन २७ गते रोज ३ शुभम् ।

इजलास नं. १०

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल, रिट नं. ०६९-CI-०४८४, निषेधाज्ञा/परमादेश, *हिरामान हरी गिरी वि. जिल्ला प्रशासन कार्यालय, बाँके*

पटकपटक न्यायिक निकायबाट व्यक्तिको पहिचान कायम भै अदालतबाट मान्यता दिई निर्णय भएको विषय र फैसला अन्तिमताको सिद्धान्त (Finality of Justice Theory) लाई प्रभावित पार्नु न्याय र कानूनको सिद्धान्तविपरीत हुन जान्छ । मुद्दा लगाउने बहानामा तथ्ययुक्त प्रमाणको अभावमा कसैको उजुरी परेकै आधारमा छानबिन गर्ने नाउँमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने थुन्ने कार्य गर्दा व्यक्तिगत स्वतन्त्रता हनन् हुनजाने अवस्था हुन्छ । प्रस्तुत सन्दर्भमा समेत यी निवेदकलाई तथ्ययुक्त प्रमाणबिना नै नागरिकताको विषय उठाई पक्राउ गर्न खोज्नु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने ।

मुद्दा लगाउने निहुँमा तथ्ययुक्त प्रमाणको अभावमा छानबिन गर्ने नाउँमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने थुन्ने कार्य गर्दा व्यक्तिगत स्वतन्त्रता हनन् हुनजाने अवस्था हुँदा त्यस्तोमा निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पर्ने आशङ्का भएको अवस्थामा सोविपरीत निवेदकको निवेदन खारेज हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।६।४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । सो हुँदा यी पुनरावेदक निवेदकलाई पक्राउ नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः विनोद रखाल

इति संवत् २०७१ साल साउन २० गते रोज ३ शुभम् ।

एकल इजलास

१

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WS-०००१, उत्प्रेषण, *अधिवक्ता टेकमप्रसाद घर्ती वि. कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसमेत*

निवेदक एकजनाले बौद्ध, किरात, क्रिश्चियन, मुस्लिम र गैरहिन्दु समुदायको प्रतिनिधित्व गरेको कुरा मान्न सकिँदैन । निवेदकले गैरहिन्दुहरूको प्रतिनिधित्व गरी रिट निवेदन गरेको भने पनि सोको र स्वयम् आफ्नै मगर जातिको प्रतिनिधित्वलाई समेत पुष्ट्याइँ गर्न सकेको देखिँदैन । अदालतले सामाजिक अशान्ति खडा गर्ने कार्य गर्दैन । विद्यमान चौपायाको महलले कानूनी व्यवस्थाका बाबजुद हिन्दुलगायतका सबै नेपाली एउटै बगैंचाको फूल भै सौहार्द्रपूर्ण तवरबाट बसेकोमा हिन्दु सम्प्रदायलाई लक्षित गरी दायर प्रस्तुत निवेदनबमोजिमको आदेश गर्दा हिन्दु सम्प्रदायको भावनामा आघात पुग्ने सम्भावना प्रबल रहन्छ । यस्ता कुराको निरूपण गर्ने थलो

अदालत नभई विधायिका संसद भएको समेतबाट निवेदकको रिट निवेदन प्रथम दृष्टिमा नै ग्राह्य देखिएन । तसर्थ विपक्षीहरूबाट लिखत जवाफ माग्न परेन । निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WO-००६०, उत्प्रेषण, *प्राणजीवन निधि वि. गृह मन्त्रालयसमेत*

विवादास्पद हकको प्रचलनको लागि रिट जारी हुने नभै निर्विवाद हकको प्रचलनको लागि मात्र रिट आदेश जारी हुन्छ । रिटले सबुद प्रमाण बुझेर हक स्थापित गर्दैन । साधारण अधिकारक्षेत्र र सरकारी स्वास्थ्य संस्थाबाट निवेदकले स्वास्थ्य परीक्षण गराउनसक्ने अवस्था छँदाछँदै सर्वोच्च अदालतले टोलीका टोली बनाई निवेदकको लागि छानबिन गर्नुपर्ने कुनै तुक छैन । ११ पानाको प्रस्तुत रिट निवेदन लेख्ने त्योभन्दा पहिले पटकपटक विभिन्न निकायसमक्ष निवेदन दिई सूचना माग गरी कारवाही गरी पाउनका लागि प्रयासरत रहने हैसियतका निवेदकले स्वास्थ्य परीक्षण गराउन नसक्ने कारण देखिँदैन । तथापि स्वास्थ्य परीक्षणको लागि निवेदक असमर्थ रहेको भनी सम्पत्ति विवरण आदि देखाई नेपाल सरकारसँग माग गरेको खण्डमा नेपाल सरकारबाट पनि उक्त मागको सम्बोधन हुनसक्ने देखिन्छ । यसर्थ माथि उल्लेख भएबमोजिम निवेदन जिकिरका कुराहरू यस अदालतको असाधारण अधिकारक्षेत्रबाट निरूपण हुनु कानून, नीति र व्यवहारको आधारमा समेत उपयुक्त नभएकोले विपक्षीहरूबाट कारण देखाउ भनी लिखित जवाफ माग्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WO-०१४२, उत्प्रेषण, *रत्नकुमारी शाही वि. रूद्रबहादुर शाहीसमेत*

निवेदिकाले दायर गर्नु भएको मानाचामल मुद्दामा निवेदिकाले विपक्षीहरूबाट जनही मासिक रू. २० हजारका दरले प्रतिमहिना रू. ६० हजार मानाचामलबापत भरिपाउने ठहरी ललितपुर जिल्ला अदालतबाट मिति २०७०।१०।२३ मा फैसला भएको कुरा निवेदिकाले नै संलग्न गर्नुभएको फैसलाको प्रतिलिपिबाट देखिन आएकोले मुलतबी जगाएको आदेशबाट निवेदिकालाई अन्याय परेको भन्ने कुरा प्रथम दृष्टिबाट समेत देखिन आउँदैन । सर्वोच्च अदालतको मिति २०७१।२।१६ को आदेशबाट पुनरावेदन अदालत, पोखराको मिति २०७०।९।२३ को आदेश बदर भएकोमा निवेदिकाले सर्वोच्च अदालतलाई विपक्षी बनाउन सक्नुभएको पाइँदैन । विपक्षी बनाउन नसक्नु भएबाट समेत प्रस्तुत रिट निवेदन रीतपूर्वकको देखिन आउँदैन । यसर्थ साधारण कार्यक्षेत्रबाट निरूपण भैसकेको कुरामा रिटक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्नेसमेतका कारणले गर्दा विपक्षीहरूबाट

लिखित जवाफ माग गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

४

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WO-०१४४, उत्प्रेषण, *लोकिन खड्गी वि. मालपोत कार्यालय, चाबहिल काठमाडौंसमेत*

मालपोत कार्यालयको यस प्रकारको निर्णयउपरनिवेदकलेसाधारणअधिकारक्षेत्रअन्तर्गत जग्गा दर्ता गरी पाउनका लागि आवश्यक सबुद प्रमाणसाथ नालिस गर्नुपर्ने हुन्छ। विवादित जग्गा कस्तो प्रकृतिको हो त्यसमा निवेदकको हक पुग्ने हो होइन तत्सन्दर्भमा मालपोत कार्यालयले उल्लेख गरेको प्रमाणहरू मनासिब छन् छैनन् भन्ने कुराहरूमा स्थलगत नक्सा आदिसमेतका सबुद प्रमाण बुझी निरूपण गर्नुपर्ने अवस्था रहन्छ त्यसका लागि निवेदकले कोर्टफिसमेत दाखिल गर्नुपर्ने हुन्छ । यस्तै किसिमले आधिकांश व्यक्तिहरूले साधारण अधिकारक्षेत्रबाटै उपचार लिएको देखिन्छ । यसरी मालपोत कार्यालयको निर्णय विरूद्ध निवेदकसँग प्रभावकारी वैकल्पिक उपचार रहेकोले सो ग्रहण नगरी निवेदक रिट क्षेत्रमा आएको मिलेन । प्रथम दृष्टिमा नै प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा विपक्षीका नाममा कारण देखाउ आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

५

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७१-WO-०१५३, उत्प्रेषण, *शङ्करमाली/लोकप्रिय/गोर्खा जे.भी. कलङ्की, काठमाडौंका तर्फबाट अधिकारप्राप्त भरतबाबु पोखरेल वि. जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, पुल्चोकसमेत*

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट निवेदकसँग स्पष्टीकरणसम्म माग भएको तर त्यसमा अन्तिम निर्णय भै नसकेको र निवेदकले तत्सम्बन्धमा सन्तोषजनक स्पष्टीकरण दिएमा निवेदकलाई कालोसूचीमा राख्न नसकिने स्थिति पनि विद्यमान नै देखिन्छ । कानूनबमोजिम अधिकार पाएको निकायले कानूनबमोजिम स्पष्टीकरण माग गर्ने कार्यबाट निवदकको मौलिक हक हनन् भएको मान्न सकिँदैन । यसरी विवादित विषयको अन्तिम टुङ्गो नलाग्दै निवेदकले दिएको रिट अपरिपक्वसमेत देखिन्छ । यस्ता अपरिपक्व रिट निवेदन ग्रहणयोग्य नहुने भन्ने सिद्धान्तलाई यस अदालतले कैयौं आदेशमा प्रतिपादन गरेको छ । यसर्थ प्रस्तुत विषयमा सक्षम वैकल्पिक उपचारको व्यवस्था भएको र निवेदकलाई कालोसूचीमा राख्ने कारवाहीको टुङ्गो लागिनसकेको कारणबाट विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्नुपरेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

अन्तरिम आदेश

१

मा.न्या.श्री गिरीश चन्द्र लाल, ०७१-WO-०३२२, उत्प्रेषण, *भोरील यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

अ.बं. ७० नं. को व्याख्यात्मक प्रश्न रहेको देखिनाले प्रस्तुत रिटसँग सम्बन्धित मुद्दाको निवेदनलाई सकार नै नगराई निर्णय भएमा निवेदकलाई अपूरणीय क्षति हुनसक्ने देखिँदा प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म अर्को आदेश नभएसम्म निवेदनको प्रकरण (१) मा उल्लिखित धनुषा जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको दे.नं. १५६३ को नामसारी निर्णय बदरसमेतको मुद्दा निर्णय नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक २३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री सुशीला कार्की, ०७१-WO-०३१९, उत्प्रेषण/परमादेश, *जगदेव पण्डित कुम्हाल वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

विपक्षीले बन्डा छुट्ट्याई लिएपछि उल्लिखित सम्पत्ति बिक्री वितरण गर्नसक्ने र सोबाट निवेदकलाई अपूरणीय क्षति पुग्न जाने हुँदा सुविधा सन्तुलनको सिद्धान्तको आधारमा बन्डा छुट्ट्याउने कार्य नगर्नु नगराउनु भनी विपक्षी पर्सा जिल्ला अदालतको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री सुशीला कार्की, ०७१-WO-०३३३, उत्प्रेषण/परमादेश, *गणेशप्रसाद साहसमेत वि. पुनरावेदन अदालत, राजविराजसमेत*

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(क) अनुसारको प्रक्रिया अपनाई यी विपक्षी सुदीलाल साहसमेतलाई बुझिसकेको भन्ने कुरा मिसिल संलग्न म्यादबाट देखिन आएको हुँदा सोही आधार लगाई पुनरावेदन अदालत, राजविराजले सिरहा जिल्ला अदालतबाट भएको मिति २०७०।६।१३ को चलन पुर्जी बदर गरेको देखिई कानूनको त्रुटि (Legal Error) हुन गएको देखिँदा निवेदकको मागबमोजिम पुनरावेदन अदालत, राजविराजको मिति २०७१।२।१ को आदेश प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को निमय ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री दीपकराज जोशी, ०७१-WO-०३२६, उत्प्रेषण, *गोविन्दप्रसाद शर्मा पौडेलसमेत वि. महालेखा नियन्त्रक कार्यालयसमेत*

निवेदक महालेखा निरीक्षक कार्यालयको मिति २०७१।५।२० को निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालय, दाङमा सरूवा भएकोमा मिति २०७१।५।३० को निर्णयले जिल्ला प्रशासन कार्यालय, दाङमा सरूवा गरेको

देखियो । निजामती सेवा ऐन, २०४९ को दफा १८(३)(क) को व्यवस्था प्रतिकूल दुई वर्ष समयावधि नपुग्दै भएको उक्त सरूवा कार्यान्वयन हुन गएमा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त हुनजाने हुँदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट निवेदकको हकमा महालेखा नियन्त्रक कार्यालयको मिति २०७१।५।३० को सरूवा निर्णय र पत्र तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत निमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक २६ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री दीपकराज जोशी, ०७१-WO-०३४७, उत्प्रेषण, *हस्तमान सुनार वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

सुविधा र सन्तुलनको दृष्टिकोणबाट निवेदक करारमा नियुक्ति पाई काम गरिरहेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।५।११ च.नं. ६४ को पत्रानुसार विपक्षी मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मिति २०७१।५।२२ को अवकाशसम्बन्धी पत्र तत्काल कार्यान्वयन नगरी निवेदकलाई यथास्थितिमा काम लगाइराख्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत निमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक २६ गते रोज ४ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम, धनकुटा

न्यायपालिकाको रणनीतिक योजनाले अदालतबाट सम्पादन गरिने फैसला, आदेश, पत्राचार तथा प्रकाशनलगायतका काम कारवाहीहरूमा भाषिक शुद्धता र एकरूपता कायम गर्दै जाने उद्देश्य राखेको छ । सो उद्देश्य प्राप्तिका लागि सर्वोच्च अदालत प्रकाशन,सञ्चार तथा सम्पादन समितिले भाषिक प्रशिक्षण कार्यक्रमको आयोजना गर्दै आएको छ । त्यसै क्रममा २०७१ कात्तिक १३ गतेदेखि १५ गतेसम्म पुनरावेदन अदालत, धनकुटा र मातहतका जिल्ला अदालतहरूमा कार्यरत् अधिकृत तथा सहायक कर्मचारीहरूका लागि धनकुटामा तालिम सम्पन्न भएको छ ।

सर्वोच्च अदालत सम्पादन, प्रकाशन तथा सञ्चार समितिका अध्यक्ष तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले पानसमा बत्ति बाली उक्त कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । कार्यक्रम उद्घाटनसत्रको अध्यक्षता पुनरावेदन अदालत, धनकुटाका माननीय निमित्त मुख्य

पानसमा बत्तिबाली भाषिक तालिमको उद्घाटन गर्नुहुँदै सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा समितिका अध्यक्ष श्री बैद्यनाथ उपाध्याय

न्यायाधीश श्री चित्रदेव जोशीले गर्नुभएको थियो ।

उद्घाटन मन्तव्य दिँदै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायले कानूनी नेपाली भाषाको भाषिक पक्ष, व्याकरणीय पक्ष र शुद्धलेखनमा भाषा विज्ञानका अध्येताहरूले मात्र ध्यान दिएको देखिन्छ । विद्यालय तथा विश्वविद्यालयहरूमा अध्ययन गर्दा नेपाली भाषाको महत्त्वलाई प्राथमिकता दिइएको नपाइँदा पछि त्यसको उपयोग गर्दा भाषालाई कठिनाई पर्न गएको हो । साँस्कृतिकरूपले भाषाको विशेष महत्त्व भएजस्तै कुनै भाषामा अभिलेखीकरण भएमा दस्तावेजको संरक्षण गर्न र पछिसम्म एकरूपता ल्याई सामाजिक विकास गर्न पनि भाषाको मर्म हराउन दिन हुँदैन । भाषाको सम्वृद्धताले व्यक्ति स्वयम्को व्यावसायिक दक्षता अभिवृद्धि गराउँछ । सबै विषयमा एकै व्यक्ति निपूर्ण हुन सक्तैन र जुनसुकै कुरा निरन्तर अभ्यासबाट त्यसको पारङ्गता प्राप्त हुन्छ । आफै सिकेर तथा सिकाएर जान्ने विषय कहिले पूर्ण हुँदैन । सुन्दा सामान्य लागे पनि शुद्ध लेख्नुपर्छ, शुद्ध पढ्नुपर्छ र शुद्ध ढङ्गले नै भाषाको सम्प्रेषण गर्नुपर्छ भन्ने विषय नयाँ हैन । सरकारी कामकाजमा प्रयोग हुने तथा अदालतले फैसलामा प्रयोग गर्ने भाषाको यो पक्षलाई उजागर गर्न पनि यो तालिम फलदायी हुनेछ ।

२०६५ सालमा सर्वोच्च अदालतले आयोजना गरेको न्यायाधीशहरूको सम्मेलनमा भाषासम्बन्धी विषयले पनि प्रवेश पाएको थियो । अदालतको भाषा (न्यायमूर्तिको भाषा) राम्रो, शिष्ट, कुरा पुगेको, वाक्य संरचना मिलेको हुनुपर्दछ भनी उक्त अवसरमा छलफल भएको प्रसङ्ग र सन्दर्भलाई जोड्दै उहाँले भाषालाई व्यावसायिकता र व्यक्तित्व दुबैमा जोडेर हेर्न आग्रह गर्नुभयो । कानूनी नेपाली भाषा धेरै अगाडि बढिसकेको छ । सबै भाषाहरूमा छोटा वाक्य अहिलेको चाहाना भएको छ । कम्प्युटर सञ्जालको विकासले भाषालाई देशगत विविधतासँग जोडेर नयाँ शब्द भण्डारको विकासमा योगदान पुर्‍याएतर्फ हामीले सचेत हुनुपर्ने अवस्था छ । हामीले प्रयोग गर्ने कानूनी नेपाली भाषाका पनि आफ्नै विशेषता छन् । "कायलनामा" जस्तो ल्किष्ट शब्दको सट्टा अब "मुद्दा फिर्ता" जस्ता शब्दले स्थान लिन थालेका छन् । एवम् ढङ्गले हामीले अदालतको लेख्य शैली र प्रचलनलाई समय सापेक्षरूपमा विकास गर्न जरूरी भएको छ । एउटै भाषामा भाषाको जटिलता र विविधताले न्याय प्रशासन र न्याय सम्पादनमा कठिनाई नहोस् भन्ने पक्षलाई ध्यान दिएर यो तालिम कार्यक्रमको आयोजना भएको कुरालाई जोड दिँदै उहाँले कार्यक्रमको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

उद्घाटन कार्यक्रमका अध्यक्ष तथा पुनरावेदन अदालत, धनकुटाका निमित्त मुख्य न्यायाधीश श्री चित्रदेव जोशीले न्यायपालिकामा बिताएको लामो समयको स्मरण गर्नुहुँदै विगत र वर्तमानको अदालतले प्रयोग गर्ने कानूनी नेपाली भाषामा धेरै अन्तर आएको बताउनु भयो । भाषा समयसापेक्ष विषयवस्तु पनि

भएको हुँदा त्यसबेला पनि भाषिक दृष्टिबाट निकै सचेत व्यक्तित्वहरू थिए । बीचको समयमा भाषामा केही जटिलता र कठिनाई पनि उत्पन्न भयो । प्रविधिको विकासले वर्तमानमा भाषामा पनि नयाँ आयाम थपेको छ । कम्प्युटरिकृत भाषाले कतै भाषाका अन्य पक्षलाई विस्थापित त गर्दैन भन्ने समस्यासमेत छ । इन्टरनेटमा हाम्रा फैसलाहरू पुगिसकेका छन् । यस अवस्थामा हाम्रो कानूनी नेपाली भाषाको प्रस्तुती अरू बढि परिस्कृत हुनुपर्ने अवस्था छ । भाषाको मूल्याङ्कन गर्नेहरुको चेतनाको स्तर पनि बढिसकेको छ । यस्तो अवस्थामा सर्वोच्च अदालतको सम्पादन समितिले धनकुटामा आएर यस कार्यक्रमको आयोजना गरेकोमा आयोजकसमेतलाई धन्यवाद दिँदै सीप विकास प्रशिक्षण कार्यक्रमको सफलताको कामना गर्नुभयो ।

त्यसैगरी पुनरावेदन अदालत, धनकुटाका माननीय न्यायाधीश श्री केदार पौडेलले सर्वोच्च अदालतका माननीय न्यायाधीश स्वयम् उपस्थित भै यस क्षेत्रका जनशक्तिलाई समेटी राष्ट्रियस्तरको यो पहिलो कार्यक्रम आयोजना सम्भव गरिदिनुभए प्रति खुशी व्यक्त गर्नुभयो । फैसला, आदेश, चिट्ठीपत्रमा लेखिने लेख्य भाषा र न्यायका उपभोक्तासँगको संवादमा प्रस्तुत हुने कथ्य भाषासमेत दुबै उत्कृष्ट हुनुपर्दछ । तालिमले लेखन कलाको विकास गराउँछ । उत्कृष्ट लेखन कलाले न्यायपालिकाको गरिमा बढाउँछ । त्यसैले हामीले यस मौकाको सक्दो सदुपयोग गरौं । सबैलाई तालिमको सम्पूर्ण समयको सदुपयोग गर्नसमेत उहाँको अनुरोध थियो ।

पुनरावेदन अदालत बार एसोसियसन, धनकुटाका अध्यक्ष अधिवक्ता श्री रोहितकुमार डाँगीले न्याय क्षेत्रका व्यक्तित्वले मात्र सेवा प्रवाहको अर्थ बुझेर हुँदैन, न्यायका उपभोक्ताले पनि सहज ढङ्गले बुझ्नुपर्दछ । भाषाका क्लिष्टतालाई सरलतामा लानुपर्छ । आगामी दिनमा भाषालाई अरू सरलीकृत र सुसंस्कृत गर्दै लाने उद्देश्यले न्यायिक जनशक्तिलाई लक्षित गरी यो तालिमको आयोजना गराई दिनु भएकोमा हार्दिक स्वागत गर्छु भन्नुभयो ।

पुनरावेदन अदालत, धनकुटाका निमित्त रजिस्ट्रार श्री नेत्रप्रकाश आचार्यले सर्वोच्च अदालतले पुनरावेदन अदालत, धनकुटामा र मातहत अदालतका सम्पूर्ण जनशक्तिलाई एकैठाउँमा जुट्ने अवसर प्रदान गराइदिएकोमा आभार व्यक्त गर्दछु भन्नुहुँदै सर्वोच्च अदालतबाट पाल्नुभएका माननीय न्यायाधीशज्यूको समुपस्थितिलाई एउटा गौरवको रूपमा लिनुपर्दछ । म सबैलाई हार्दिक स्वागत गर्दछु । भाषामा हाम्रो दक्षता नभएको त हैन तर दक्षता लुकेको र ओझेलमा पर्न थालेको यस अवस्थामा यो तालिमले पुनर्ताजगी प्रदान गर्ने अपेक्षा गर्नुहुँदै उहाँले पुनः सबै सहभागीहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

जिल्ला अदालत धनकुटाका माननीय न्यायाधीश श्री युवराज गौतमले न्यायिक कार्य सम्पादनको विशिष्टीकरण हुँदै जानु जरूरी छ । अदालत र बार एसोसियसनले बुझ्ने भाषा

मात्रै न्यायिक कामकारवाहीको भाषा हैन भन्ने बुझ्नु जरूरी छ । प्रमाण, तथ्य र कानूनको विवेचना गर्दा क्लिष्ट हैन, सरल शब्दमा गर्नु राम्रो हुन्छ । स्वच्छ सुनुवाई (Fair trail) को कुरा गर्ने हामी सबै न्यायकर्मीहरूले बोधगम्य सन्देश दिन सक्यौं भने मात्रै साधन साध्यमा परिणत हुन सक्छ । यस किसिमको कार्यक्रम ल्याई दिनुभएकोमा आभार व्यक्त गर्दै कार्यक्रमको सफलताको कामना गर्दछु भन्नुभयो ।

त्यसै गरी, जिल्ला अदालत बार एसोसिएसन, धनकुटाका अध्यक्ष डा. श्री गोपाल भट्टराईले धनकुटाको न्याय प्रशासनको लामो इतिहासको स्मरण गर्नु हुँदै यो कार्यक्रमले धनकुटा तेजस्वी र ओजस्वी भएको छ । अदालतका तहहरूको उत्तार चढावलाई धनकुटाले राम्रैसँग आत्मसात पनि गरेको छ । भाषा पानी जस्तै बगिदिए राम्रो, सरल वाक्य प्रयोग भइ दिए राम्रो, मेहनत र प्रयत्न गर्नु राम्रो हो । म यस कार्यक्रमको सफलताको कामना गर्दछु उहाँको भनाई थियो ।

कानूनी नेपाली भाषा विज्ञका रूपमा उपस्थित उपप्राध्यापक श्री रामचन्द्र फुयालले भाषाका विशिष्टतालाई कायम राख्नुपर्छ । अदालतले प्रयोग गर्ने भाषा लक्षित वर्गले बुझ्न सक्ने भएन, यसलाई बुझ्ने बनाउनुपर्छ भन्ने सन्दर्भमा अनुरोध हुँदा हाम्रो मेहनत र ध्यान त्यसतर्फ मोडिएको र गम्भीरताका साथ सोच विचार गरी यो प्रशिक्षण सामग्रीको तयारी र प्रस्तुती भएको हो । सामान्य भाषा र प्रविधिक भाषाको भेदलाई समेत मध्य नजर राख्दै भएको यो त्रि-दिवसीय प्रशिक्षण कार्यक्रमले आपसी सम्वाद र छलफलद्वारा कार्यक्रमलाई फलदायी बनाओस भन्ने कामना गर्नुभयो ।

उद्घाटन सत्रको सञ्चालन सर्वोच्च अदालत सम्पादन, प्रकाशन तथा सञ्चार शाखाका सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले गर्नुभएको थियो । भाषा प्रशिक्षकद्वय श्री रामचन्द्र फुयाल र श्री दिनदयाल रेग्मीले नेपाली भाषाका विविध पक्षलाई कानूनी पक्षमा जोडेर प्रशिक्षण गर्नुभएको थियो भने सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले अदालतबाट हुने टिपोट खण्ड, ठहरखण्ड, निर्णय खण्ड र अदालतबाट हुने आदेश र फैसलाको लेखन स्तर वृद्धि सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

तीन दिनसम्म चलेको यस प्रशिक्षण कार्यक्रमको समापन मिति २०७१।०७।१५ गते भएको थियो । समापन कार्यक्रममा मन्तव्य दिनुहुँदै पुनरावेदन अदालत, धनकुटाका निमित्त रजिस्ट्रार श्री नेत्रप्रकाश आचार्यले सुरूमा सुन्दा सामान्य जस्तै लागेको यो कार्यक्रममा तीन दिनसम्मको सहकार्यले यस कार्यक्रमको सूक्ष्मता र गहिराईसम्म पुर्‍याईदिएको र आफू संवदेनशील भएको कुरा व्यक्त गर्नु हुँदै पुनः आयोजकलाई धन्यवाद दिनुभयो ।

त्यसैगरी सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले यो त्रि-दिवसीय सहकार्यले सहभागीको हकमा सिकौं सिकौं भन्ने कौतुहलतापूर्ण भावना र चाहाना अभिव्यक्त भएको पाउँदा हामीलाई हौसला बढेको छ भन्नुहुँदै पुनरावेदन अदालत, धनकुटालगायत सिङ्गो धनकुटा नगरपालिकालाई

धन्यवाद दिनुभएको थियो ।

सहभागी प्रशिक्षार्थीहरूको तर्फबाट बोल्नु हुँदै जिल्ला अदालत भोजपुरका स्रेस्तेदार श्री भोजकुमार बस्नेतले अदालतका धेरै साथीहरूलाई एउटै थलोमा सम्पर्क हुने र भेटको अवस्था जुराएको, यस्ता तालिम हरेक वर्ष हुनुपर्ने सहभागीको मनसाय रहेको छ भन्नुहुँदै पुनः यस क्षेत्रमा यस्ता कार्यक्रमको अपेक्षाका साथ आयोजकलाई धन्यवाद दिनुभयो । समापन कार्यक्रमको सञ्चालन सर्वोच्च अदालत सम्पादन, प्रकाशन तथा सञ्चार शाखाका शा.अ.श्री राजन बास्तोलाले गर्नुभएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा देहायबमोजिमका कर्मचारीहरूको सहभागिता रहेको थियो :

कार्यक्रमका सहभागीहरू

<u>नाम, थर, पद/कार्यालय</u>

१. विष्णुप्रसाद खतिवडा, शा.अ. पु.वे.अ. धनकुटा
२. भोजकुमार बस्नेत, शा.अ., भोजपुर जि.अ.
३. पिताम्बर आले, ना.सु., पु.वे.अ. धनकुटा
४. जीवन पौडेल, ना.सु., पु.वे.अ. धनकुटा
५. हस्तबहादुर खड्का, ना.सु. पु.वे.अ. धनकुटा
६. गोविन्दप्रसाद दाहाल, ना.सु., तेह्रथुम जि.अ.
७. कुमार पौडेल, ना.सु., भोजपुर जि.अ.
८. शम्भु भुजेल, ना.सु. भोजपुर जि.अ.
९. ललितकुमार वि.के., ना.सु., संखुवासभा जि.अ.
१०.गोविन्द कार्की, ना.सु., संखुवासभा जि.अ.
११.थामेन्द्रप्रसाद कोइराला, ना.सु., संखुवासभा जि.अ.
१२.राजेन्द्रप्रसाद धमला, ना.सु., जि.अ. धनकुटा
१३.वेदबहादुर भुजेल, ना.सु., जि.अ. धनकुटा
१४.परशुराम चालिसे, ना.सु., जि.अ. धनकुटा
१५.शिव बुढाथोकि, ना.सु., जि.अ. धनकुटा
१६.निर्मल नेपाल, ना.सु., जि.स.व.का.धनकुटा
१७.खगेन्द्रप्रसाद तिम्सिना, ले.पा., धनकुटा जि.अ.
१८.खगेन्द्र मल्लिक, क.अ., भोजपुर जि.अ.
१९.उषा श्रेष्ठ, क.अ., जि.अ. धनकुटा
२०.सावित्रा थापा, टा.ना.सु., पु.वे.अ. धनकुटा
२१.उर्मिला कार्की, खरिदार, पु.वे.अ., धनकुटा
२२.दिवाकर श्रेष्ठ, डिट्ठा, पु.वे.अ. धनकुटा
२३.विष्णुप्रसाद दाहाल, डिट्ठा, भोजपुर जि.अ.
२४.नवराज खड्का, डिट्ठा, भोजपुर जि.अ.
२५.खड्गबहादुर खत्री, डिट्ठा, भोजपुर जि.अ.
२६.अम्बिकाप्रसाद सुवेदी, डिट्ठा, भोजपुर जि.अ.
२७.शुभाष कार्की, डिट्ठा, भोजपुर जि.अ.
२८.शालिकराम भट्टराई, डिट्ठा, भोजपुर जि.अ.
२९.भविनकुमार फुयाल, डिट्ठा, तेह्रथुम जि.अ.
३०.मनिषा दाहाल, डिट्ठा, संखुवासभा जि.अ.
३१.गणेशकुमार श्रेष्ठ, डिट्ठा, संखुवासभा जि.अ.
३२.नरबहादुर भुजेल, डिट्ठा, धनकुटा जि.अ.
३३.शरणकुमार परियार, डिट्ठा, धनकुटा जि.अ.
३४.केशव कोइराला, डिट्ठा, संखुवासभा जि.अ.
३५.हेमबहादुर कटुवाल, डिट्ठा, संखुवासभा जि.अ.
३६.लिला विक्रम ढुङ्गाना, ता.डि., तेह्रथुम जि.अ.
३७.रमेशकुमार राई, ता.डि., धनकुटा जि.अ.
३८.डलसारेमान राई, ता.डि., धनकुटा जि.अ.
३९.युवराज श्रेष्ठ, स.क.अ., संखुवासभा जि.अ.
४०.सन्तोष सुनार, अमिन, धनकुटा जि.अ.

४१.सरस्वती तामाङ, टा.ख., तेह्रथुम जि.अ.
४२.हेमबहादुर कार्की, ता., पु.वे.अ. धनकुटा
४३.हेमसागर पोखरेल, पु.वे.अ. धनकुटा
४४.गोविन्दप्रसाद अधिकारी, पु.वे.अ. धनकुटा
४५.हरिप्रसाद रिजाल, पु.वे.अ. धनकुटा
४६.घनिकलाल ठाकुर, पु.वे.अ. धनकुटा
४७.कविराज राउत, संखुवासभा जि.अ.
४८.राकेश राई, तामेल्दार
४९.लिलाराम शाही ठकुरी, तामेल्दार
५०.उमाकान्त पौडेल, तामेल्दार
५१.कुमारनाथ घिमिरे, ता.डि.,

कार्यक्रमका सहभागीहरू

कार्यक्रमका सहभागीहरू कार्यक्रमपश्चात् सामूहिक तस्बिर खिचाउँदै ।